१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

## १९ औं नगर सभा पहिलो बैठक मिति २०८३।०३।१० का निर्णयहरु

१. गुर्भाकोट नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम नगर प्रमुख श्री हस्त पुनबाट प्रस्तुत भई सभामा विस्तृत रुपमा दफावार छलफल गरी छलफल पश्चता उठान भएका राय. सल्लाह र सुझाबलाई समेटी उक्त नीति तथा कार्यक्रम सर्वसम्मत परित गरियो ।

## आ.व.२०८३।०८४ को नीति तथा कार्यक्रम

नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था बमोजिम गठन भएको गुर्भाकोट नगरपालिका नगरसभाको १९ औं अधिवेशनमा उपस्थित

**नगरसभाका आदरणीय सदस्यज्यूहरु,**

मुलुक सङ्घीय संरचनामा गएपछि सम्पन्न दोस्रो आवधिक निर्वाचनबाट पुनः निर्वाचित भई आएको दोस्रो कार्यकालको पाँचौं वर्षमा प्रवेश गरेको यस गुर्भाकोट नगरपालिकाको गरिमामय नगर सभामा उपस्थित भई आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित महसुस गरेको छु।

नेपालमा नागरिक सर्वोच्चता, लोकतन्त्रको स्थापना, मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका संघर्ष तथा आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरूप्रति सर्वप्रथम हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै उक्त संघर्ष तथा आन्दोलनमा सक्रिय रूपमा सहभागी भई घाइते, बेपत्ता तथा अपाङ्गता भएका व्यक्तिहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

यस गुर्भाकोट नगरपालिकाको १९ औं नगर सभाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, नागरिकका मौलिक हक, नेपाल सरकारले भर्खरै स्वीकृत गरेको सोह्रौं योजना, कर्णाली प्रदेश सरकारले स्वीकृत गरेको दोस्रो पञ्चवर्षीय योजना, यस नगरपालिकाले २०८० सालमा स्वीकृत गरेको पञ्चवर्षीय आवधिक योजना, संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, चालु आ.व. का नीति तथा कार्यक्रमहरूको निरन्तरता, स्थानीय सरकार सञ्चालन सम्बन्धी नीतिगत व्यवस्थाहरू, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, हामीले जनतामाझ गरेका प्रतिबद्धता तथा चुनावी घोषणापत्र, दिगो विकास लक्ष्यहरूको स्थानीयकरण र आन्तरिकीकरण, मानव विकासका समग्र पक्षहरू, नगरपालिकामा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरू तथा स्थानीय बौद्धिक व्यक्तित्वहरूबाट प्राप्त सुझावहरू, साथै आम नगरवासीहरूको चाहना र यहाँका सम्भावनाहरूलाई आधारका रूपमा लिइएको छ। गुर्भाकोट नगरवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूलाई आधारभूत सेवा प्रवाह, विकास व्यवस्थापन र सुशासन सुनिश्चित गर्दै भरोसायोग्य स्थानीय सरकारको रूपमा स्थापित गर्ने यस नीतिको प्रमुख उद्देश्य रहेको छ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

**सभामा उपस्थित आदरणीय सदस्यज्यूहरू,** अब म आगामी आर्थिक वर्ष **२०८३/०८४** मा यस गुर्भाकोट नगरपालिकाले सञ्चालन गर्ने वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

## १. सामाजिक विकास

**शिक्षातर्फः-**

१. विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा प्र.अ. लाई थप जिम्मेवार बनाइने छ साथै आवश्यक व्यवस्थापकीय तालिम प्रदान गरी क्षमतामा वृद्धि गरिनेछ ।

२. हाल निर्माण भएको शिक्षा विकास योजनालाई समसामयिक रुपमा अद्यावधिक गरी थप प्रभावकारी बनाइने छ साथै संघ, प्रदेश तथा सहयोगी संस्थाहरुको सहयोग तथा समन्वयमा कार्यान्वयन गरिदै लगिने छ ।

३. विद्यालय समायोजन, नक्साङ्कन र विद्यालयको भौतिक सर्वेक्षण द्वारा सेवा प्रवाहको क्षेत्र निर्धारण गरिनेछ, विद्यार्थी संख्या न्यून भएका विद्यालयमा बिग स्कुलको अवधारणा अनुसार विद्यालय गाभ्ने र कक्षा घटाउने नीति लिइनेछ साथै भौगोलिक अवस्थाले विकट क्षेत्रहरुका विद्यार्थीहरुलाई केन्द्रित गरी आवाशिय विद्यालयको संचालन व्यवस्थापन गरिनेछ।

४. बालविकास कक्षालाई बालमैत्री सिकाइ वातावरण अभिवृद्धि गरी बालशुलभ सिकाइ गर्न बालविकास सहजकर्ताहरुको क्षमता विकास गरिनेछ।

५. शिक्षण पद्धती तथा मुल्यांकन प्रणालीमा सुधार गर्नका लागि कक्षागत तथा विषयगत सिकाइ उपलब्धी परीक्षण सम्बन्धि आवश्यक क्षमता विकास गरिनेछ साथै कक्षा ८ को वार्षिक परीक्षालाई नगरस्तरीय रुपमा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६. विद्यालय शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क रुपमा प्रदान गर्ने साथै लक्षित समूहको भर्ना र निरन्तरतालाई सुनिश्चित गर्ने नीति लिइनेछ। नीजि विद्यालयहरुको शुल्क तथा नियमानुसार प्रदान गर्नुपर्ने छात्रवृत्तिको कार्यान्वयनको लागि कडाइका साथ नियमन गरिनेछ ।

७. प्रत्येक विद्यालयमा एक ( IEMIS Focal Person ) शैक्षिक सूचना व्यवस्थापन फोकल पर्सन तोकि शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गरिने छ । साथै शिक्षामा सूचना प्रविधिको उपयोग गरी गुणस्तरमा सुधार गर्न आवश्यक साधन स्रोतको व्यवस्थापन र क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

८. प्राविधिक तथा व्यवसायिक  शिक्षा र तालिमको अवसरमा विस्तार गरी तालिमलाई स्थानीय आवश्यकता र श्रम बजारको माग संघ तालमेल हुने गरी सञ्चालन गरिनेछ।

९. स्थानीय पाठ्यक्रम हाम्रो गुर्भाकोट कक्षा (१-८) को प्रभावकारी कार्यान्वयन गर्न कक्षागत रुपमा स्थानीय पाठ्यपुस्तक निर्माण गरी वितरण गरिनेछ ।साथै उक्त पाठ्यक्रमको समसामयिक परिमार्जन समेत गरिनेछ।

१०. विद्यालय शिक्षाको गुणस्तर बढाउन प्रधानाध्यापकहरुलाई विद्यालयको शिक्षक-कर्मचारीहरुको मुख्य अनुगमणकर्ता मानी दैनिक कक्षा अवलोकण तथा अनुगमन गरी मासिक प्रतिवेदन नगर शिक्षा शाखामा बुझाउने गरी जिम्मेवारी बनाउने नीति अवलम्बन गरिनेछ साथै वडा शिक्षा समिति, नगर शिक्षा समिति र शिक्षा शाखाद्वारा विद्यालयहरुको नियमित तथा आकस्मिक अनुगमन गर्ने नीति लिइनेछ ।यसका साथै विद्यालय प्र अ र वि व्य स अध्यक्षहरुसंग द्धिपक्षीय कार्यसम्पादन करार समेत गरिनेछ ।

११. सामुदायिक विद्यालयहरुमा अभिभावकहरुको सकारात्मक भुमिका अभिवृद्धि गर्नुका साथै, अभिभावक, शिक्षक र विद्यार्थीहरुको सम्बन्ध विस्तार गर्न उत्प्रेरणामूलक कार्यक्रमहरु संचालन गरी शैक्षिक गुणस्तर विकासमा अभिभावकहरुको जिम्मेवारी बढाउन समुदाय स्तरमा अभिभावक शिक्षा तथा संवाद कार्यक्रम संचालन गरिनेछ ।

१२. सवै विद्यालयमा खेलकुद शिक्षकहरुको क्षमता विकास गरी विद्यालयमा खेलकुद, अतिरिक्त तथा सह क्रियाकलापहरु र योग अभ्यास गराइनेछ  यसका लागि थप टेवा पुऱ्याउन प्रत्येक बालबालिकाको सहभागिता हुनेगरी नगर स्तरमा विभिन्न खेलकूद प्रतियोगिता संचालन गरि बालवालिकाहरुको सर्वाङ्गिण विकासमा टेवा पुर्याइनेछ ।

१३. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गर्दै आजीवन तथा निरन्तर शिक्षा र सिप विकासको केन्द्र बनाउनुका साथै आधारभूत शिक्षा प्राप्त नगरेका विद्यालयबाहिर रहेका बालवालिकाहरुको तथ्याङ्क संकलन गरी शैक्षिक पहुँच विस्तार गर्न वैकल्पिक अनौपचारिक शिक्षाका कार्यक्रम मार्फत विद्यालय शिक्षामा सहभागिता अभिवृद्धि गर्ने नीति लागू गरिनेछ ।

१४. हरेक युवा तथा नागरिकहरुको शारीरिक तथा मानसिक स्वस्थ रहनका लागि विद्यालयस्तरमा राष्ट्रपति रनिङ्ग शिल्ड, नगरस्तरीय मेयर कप तथा नव वर्ष कप लगायत प्रत्येक वडामा हुने खेलकुद तथा अन्य खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

१५. स्थानीय उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विश्व खाद्य कार्यक्रम (WFP) संगको साझेदारीतामा दिवाखाजा व्यवस्थापन संग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । साथै उक्त कार्यक्रमको नियमित अनुगमन तथा रिपोर्टिङ गरिनेछ ।

१६. शैक्षिक, भौतिक, तथा व्यवस्थापकीय सक्षमता विकासको लागि विभिन्न साझेदार निकायहरु संग आपसी साझेदारी गरी शैक्षिक गुणस्तर विकासमा टेवा पुर्याइनेछ।

१७. सूचकमा आधारित अनुगमन, मूल्याङ्कन सुपरीवेक्षण, मेन्टरिङ्ग र पृष्ठपोषणका लागि विषय विज्ञको समूह निर्माण र परिचालन गरिनेछ । यसका साथै विषयगत शिक्षकको तालिम सञ्चालन गरी कक्षाकोठामा आधारित शिक्षकको पेसागत विकासलाई निरन्तरता दिइनेछ।

१८. महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती र सबै खाले विविधता भएका विद्यार्थीका लागि उपयुक्त सिकाईमैत्री वातावरण तयारी गरिनेछ । साथै परिवर्तीत सन्दर्भमा ज्ञान अद्यावधिक गर्न पुस्तकालयको विस्तार, प्रविधिमैत्री पुस्तकालय र विद्युतीय कक्षामा जोड दिइ आजीवन सिकाइ र खुला सिकाइको प्रवर्द्धन गरिनेछ।

१९. संघ, प्रदेश तथा अन्य निकायको सहकार्यमा पठनपाठनको लागि सहज वातावरण निर्माण गर्न भौतिक संरचनाको विकासलाई निरन्तरता दिइनेछ साथै विद्यालय संरचनाहरु अपाङ्गतामैत्री तथा बालमैत्री बनाइनेछ ।

२०. आगामी आ व देखि विद्यालय लेखा प्रणालीलाई व्यवस्थित, प्रविधिमा आधारित गर्न लेखा सम्बन्धि कामगर्ने जनशक्तिलाई IEMIS System बाट नै भुक्तानी प्रक्रियाको सुरुवात गर्न आवश्यक लेखा प्रणाली सम्बन्धि तालिम प्रदान गरी भुक्तानी प्रक्रियालाइ सरलीकरण तथा एकरुपता गरिनेछ ।

## <u>स्वास्थ्य सेवातर्फः-</u>

२१. सामाजिक तथा मानव विकासको महत्वपूर्ण आधार स्वस्थ नागरिक हुन् । नागरिकलाई शारीरिक, मानसिक ,सामाजिक तथा संबेगात्मक रुपमा सबल र सक्षम बनाई स्वस्थ, समृद्ध, बौद्धिक र सभ्य मानव पुँजी निर्माण गर्न प्रत्येक वडाहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२२. आयुर्बेद, होमियोप्याथी, प्राकृतिक एवं बैकल्पिक चिकित्सा, मानसिक स्वास्थ्य, नाक कान घाटी, मुख स्वास्थ्य लगायतको निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, प्रशामक एवं पूनर्स्थापना सेवालाई एकीकृत रुपमा सञ्चालन गरिनुका साथै नागरिकहरुको स्वास्थ्यलाई सु-सुचित गर्न दुर सञ्चार स्वास्थ्य सेवा (Telemedicine Service) सञ्चालन गरिनेछ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

२३. खोप केन्द्र, गाउँघर क्लिनिक, स्वास्थ्य आमा समूहमा स्वास्थ्य प्रवर्द्धनका लागि जनप्रतिनिधि, स्वास्थ्यकर्मी, म.स्वा.से. र सरोकारवालाहरुको सहकार्यमा समुदायमा आधारित स्वास्थ्यको प्रर्वद्धन कार्यक्रमलाई अझ प्ररिष्कृत र परिमार्जित गरी सञ्चालन गरिनेछ ।

२४. नसर्ने तथा सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि खानपान र जीवनशैली सुधारका कार्यक्रम गरिनुका साथै निदान, उपचार एवं प्रेसन सेवा व्यवस्थित गरिनेछ ।

२५. स्वास्थ्यकर्मी परिचालन गरि जेष्ठ नागरिक, अपाङ्गता, सिमान्तकृत, लोपोन्मुख, एकल महिला, सुत्केरी आमा लगाएतहरुको जटिल स्वास्थ्य समस्या भएका व्यक्तिहरुको पहिचान र तथ्याङ्क संकलन गरी घरदैलो तथा विशेष स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।

२६. मातृ तथा नवजात शिशुको मृत्यु हुन नदिन गर्भवती तथा सुत्केरी आमासंघ उपमेयर कार्यक्रम मार्फत मातृ तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गरिनुका साथै पालिकाभित्र दक्ष जनशक्तिद्वारा प्रसुती सेवा प्रदान गरिनेछ र प्रशव जटिलता भएका आमाहरु एवं मेहेलकुना अस्पतालद्वारा प्रेषण गरिएका जेष्ठ नागरिकहरुलाई सुविधा सम्पन्न स्वास्थ्य संस्थामा लैजान एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।

२७. सुनौला १००० दिनका आमाहरु तथा किशोरीहरुको पोषण स्थिती सुधारका लागि पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रमहरु सञ्चालन गर्दै टोल, बस्ती, वडा तथा पालिकालाई सन २०३० (वि.सं. २०८७) सम्म पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ।

२८. स्वास्थ्य संरचनाहरुलाई लैङ्गिक, जेष्ठ नागरिक, अपाङ्गता तथा किशोर किशोरीमैत्री बनाई पहुँचयुक्त बनाउनुका साथै सो अनुरुप प्रभावकारी सेवाको व्यवस्था मिलाईनुका साथै आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड लागू गरि सो अनुसार आवश्यक जनशक्ति, औजार उपकरण तथा औषधिजन्य सामग्रीहरुको नियमित आपूर्ति ब्यबस्था मिलाईनेछ।

२९. नागरिकहरुलाई आर्थिक अभावका कारणले उपचारबाट वञ्चित हुन नदिन विपन्न नागरिक उपचार कोषलाई निरन्तरता एवं स्वास्थ्य वीमा कार्यक्रमको व्यवस्था गरिनुका साथै अन्य सम्पूर्ण नागरिकहरुलाई समेत स्वास्थ्य बीमामा आबद्ध गराईनुका साथै जटिल स्वास्थ्य समस्या भई शल्यक्रिया गर्दा आवश्यक पर्ने रगतको व्यवस्था निःशुल्क उपलब्ध गराइने छ सो कार्यको सहजताको लागि मेहेलकुना अस्पताल, नेपाल रेडक्रस सोसाइटी सुर्खेत र नगरपालिकाको समन्वय, सहकार्य र साझेदारीमा मेहेलकुना अस्पतालमा ब्लड वैंक स्थापनाको लागि पहल गरिने छ।

३०. निजी स्वास्थ्य संस्थालाई नियमन गर्दै सर्वसुलभ, गुणस्तरीय तथा जिम्मेवार बनाउन आवश्यक सहकार्य गरिनेछ ।

३१. विपद तथा महामारी नियन्त्रण र व्यवस्थापनका लागि पालिका तथा वडास्तरमा वहुपक्षीय सहकार्य गरी द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने, तालिम दिइनेछ , आपतकालिन सामग्रीएबम् औषधी स्टक

राख्ने र नियन्त्रण तथा व्यवस्थापनका लागि तयारी अवस्थामा राखिने छ ।साथै नगरबासीहरुको सवबाहन को सुविधा उपलब्ध गराउन आगामी वर्षमा जिल्ला भित्रबाट सब घर/घाट सम्म ल्याउन निशुल्क र जिल्ला भन्दा बाहीरबाट घर/घाट सम्म ल्याउन ५०% छुट दिई सेवा प्रदान गरिनेछ ।

३२. क्षयरोगमुक्त नेपाल घोषणा अभियान कार्यक्रमलाई सहयोग पुग्ने गरी "क्षयरोगमुक्त गुर्भाकोट नगरपालिका हाम्रो प्रतिबद्धता" भन्ने मुल नाराका साथ पालिकाको सहकार्यमा प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. महिलाहरुको पाठेघरको क्यान्सर एबम् अन्य प्रजनन् रुग्णता न्यूनीकरणका लागि महिनावारी स्वच्छता, स्वास्थ्य संस्थामा HPV /DNA, VIA शिविर तथा सचेतनामुलक कार्यक्रम गरिनुका साथै किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको खोप लगाउने व्यवस्था मिलाईनेछ ।

३४. हाल बढ्दै गइरहेको मानसिक स्वास्थ्य समस्याहरुको पहिचान, न्यूनिकरण उपचार तथा व्यवस्थापन गर्न पालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति एवं कार्ययोजना अनुरुप विभिन्न सचेतनात्मक कार्यक्रम र विशेषज्ञ शिविरहरु सञ्चालन गरिनेछ ।

३५. नागरिकको आँखा उपचार सेवा सर्वसुलभ र प्रभावकारी बनाउन नेत्रज्योति संघ, राप्ती आँखा अस्पताल र नेपाल रेडक्रस शाखा सुर्खेत लगायत सरोकारवाला निकायसँग समन्वय गरी आँखा उपचार केन्द्रबाट आँखा अस्पताल स्थापनाका लागि पहल एबम् विद्यालय र समुदायमा आँखा स्वास्थ्य कार्यक्रम/शिविर सञ्चालन गर्न सामुदायिक आँखा उपचार केन्द्र मेहेलकुनालाई अनुदान सहयोग उपलब्ध गराइनेछ ।

३६. स्वास्थ्य क्षेत्रमा तथ्याङ्कको आधारमा नीति, योजना तर्जुमा एवं बजेट व्यवस्थापन गरी स्वास्थ्यको सूचाङ्कमा सुधार ल्याउन स्वास्थ्य संस्थाहरुको अभिलेख तथा प्रतिवेदन व्यवस्थित र समयानकुल बनाउन विद्युतीय स्वास्थ्य प्रणालीको विकास गरिदै लगिने छ ।

३७. नेपाल सरकार, प्रदेश सरकार एवं गुर्भाकोट नगर सरकारले लिएको स्वास्थ्यहरुको लक्ष हासिल गर्न तथा दिगो विकास लक्ष्य हासिल गर्न अन्तराष्ट्रिय एवं राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धताहरु पुरा गर्न सरकारी तथा गैर सरकारी संघसंस्था, निजी क्षेत्र एवं सरोकारवाला निकायहरुसंघ समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

३८. स्वास्थ्य संस्था र सेवा प्रदायक स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सेवा, आम नागरिक र सेवाग्राही प्रति जवाफदेही एवं उत्तरदायि बनाउन सामाजिक जवाफदेहितामा आधारित सामाजिक परीक्षण कार्यक्रम गरिनेछ ।

३९. गुर्भाकोट नगरपालिकाका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, आमा समूह वीचको समन्वय र सहकार्यमा समुदायमा स्वास्थ्य प्रवर्धनात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै समुदायमा स्वास्थ्यका सन्देश प्रवाह गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरुको कार्यलाई उच्च सम्मान गर्दै प्रोत्साहन गरिनेछ ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

४०. माध्यमिक तथा आधारभूत विद्यालयहरूमा उपलब्ध जनशक्तिको परिचालनमार्फत विद्यालय स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४१. बढ्दो शहरीकरण संगै अस्वस्थ जीवनशैलीलाई परिवर्तनका लागि स्वच्छ गाउँ शहर निर्माण गर्न तहगत सरकार तथा साझेदारी निकायहरुको सहकार्य तथा साझेदारीमा आवश्यक क्रियाकलाप संचालन गरिनेछ ।

**महिला बालबालिका तथा सामाजिक समावेशिकरणः-**

४२. दिगो विकास लक्ष्यको सोच कायान्र्वयन गर्नका लागि समाजमा पछाडि पारिएका वर्ग ,क्षेत्र , समुदायको उत्थानका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८३ लागू गरिनेछ ।

४३. नगरपालिकाको अनाथ असहाय तथा जोखिममा परेका बालबालिकाका लागि हामी अभिभावक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४४. बालविवाहमुक्त हाम्रो नगर बालमैत्री समृद्ध गुर्भाकोट भन्ने संकल्पलाई आत्मसात गर्दै बालविवाह मुक्त नगर कायम गर्न सचेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

४५. नगर क्षेत्रका विद्यमान लैङ्गिक हिंसा सामाजिक कुरीतिहरु न्युनिकरण गर्नका लागि सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४६. दलित समुदायको हक अधिकारको संरक्षण तथा प्रवर्द्धन एन २०८३ मा भएका व्यवस्थाहरुलाई लागू गरिनेछ ।

४७. नगरभित्रका नागरिकलाई आफ्नो धार्मिक स्वतन्त्रतामा रही आफ्नो धर्मसंस्कृतिको संरक्षण र अभ्यासका लागि समान व्यवहार गरिनेछ ।

४८. गैर सरकारी संघ संस्थाहरुसँग निरन्नतर समन्वय तथा साझेदारीलाई प्राथमिकता दिइनेछ ।

४९. संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

५०. नगरपालिका भित्रका जीवन संकटमा रहेका महिला , बालबालिका तथा बृद्ध अवस्थाका जीवन संकटमा रहेका नागरिकको बसोबासका लागि विभिन्न संघसंस्था संग सहकार्य गरी व्यवस्थापन गरिनेछ ।

५१. कार्यस्थललाई यौनजन्य उत्पीडन,शोषण तथा दुर्व्यवहारमुक्त बनाउन कार्यस्थलमा हुने यौनजन्य उत्पीडन,शोषण तथा दुर्व्यवहारबाट सुरक्षा नीति,२०८३ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। साथै, एकल महिलाको अधिकार,सुरक्षा तथा सशक्तीकरणका लागि एकल महिला सुरक्षा कोष स्थापना गरी सञ्चालन गरिनेछ।

**सामाजिक सुरक्षाः-**

५२. घटनादर्ता तथा सामाजिक सुरक्षा सेवासम्बन्धी अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्न सबै वडामा अभिलेख रजिस्टर, नयाँ दर्ता, लगतकट्टा, भत्ता विवरण, बैंक विवरण तथा लाभग्राही विवरण सुरक्षित राखिने प्रणाली स्थापना गरिनेछ। साथै वडा सचिवहरूको क्षमता विकासका लागि प्रविधिमैत्री तालिम सञ्चालन गरिनेछ।

५३. सामाजिक सुरक्षा तथा घटनादर्ता सेवासम्बन्धी जनचेतना अभिवृद्धिका लागि वडा कार्यालयसँगको साझेदारीमा सूचना सम्प्रेषण, वार्षिक घटना दर्ता सप्ताह सञ्चालन तथा नविकरण प्रक्रियामा Iris तथा बायोमेट्रिक प्रविधि प्रयोगलाई वडा सम्म पुऱ्याइ अनलाइन प्रणालीमार्फत सामाजिक सुरक्षा परिचयपत्र अनिवार्य रूपमा लागू गरिनेछ ।

५४. पूर्ण घटनादर्ता पालिका घोषणाको लागि विभाग संग समन्वय गरी आवश्यक प्रक्रिया अघि बढाइनेछ ।

**२. आर्थिक विकास**

**कृषि तथा पशुपालनः-**

५५. निर्वाहमुखी कृषि तथा पशुपन्छीपालन प्रणालीलाई व्यवसायिक एवं आधुनिक बनाउदै कृषि तथा पशु उपजमा पालिकालाई आत्मनिर्भर तुल्याउन यान्त्रिकरण तथा विशिष्टिकरण गरिनेछ ।

५६. माटोको गुणस्तर संरक्षण तथा उर्वराशक्ति अभिवृद्धिका लागि **माटो परीक्षण, प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग**लाई विशेष प्राथमिकता दिँदै आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

५७. संघ, प्रदेश र गैरसरकारी संघ संस्था संगको समन्वयमा कृषक समुह र सहकारीमा लागत साझेदारीका कार्यक्रमहरु अघि बढाई कृषि र पशुपालन क्षेत्रमा गरिने लगानी अभिवृद्धिको सुनिश्चतता गरिनेछ ।

५८. जलवायु परिवर्तनले गर्दा हुने असर तथा रोगकिरा नियन्त्रणका कार्यक्रमहरुमा जोड दिई रोगकिरा नियन्त्रण, पशुपन्छी रोग नियन्त्रण कार्यक्रम तथा आ.पी.एम पद्दतिलाई विशेष प्राथामिकता दिइनेछ ।

५९. उच्च मूल्य जाने कृषि उपज तथा पशु उत्पादन हुने स्थानहरुलाई पकेट क्षेत्रको रुपमा घोषणा गरि त्यस्ता स्थानहरुमा उत्पादन वृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।

६०. बाझो तथा सुख्खा जमिन उपयोगका लागि विभिन्न संघसंस्था संग समन्वय गरि फलफुलखेति विस्तार तथा सिचाइका कार्यक्रमहरु संचालन गरिनेछ ।

६१. विभिन्न कार्यक्रम तथा योजना तर्जुमाका लागी पालिकामा रहेका वास्तविक कृषक तथा पशुपन्छीपालकको तथ्याङ्क संकलन गर्नका निम्ती कृषि तथ्याङ्कलाई अध्यावधिक गरिनेछ ।

६२. पालिकामा उत्पादित कृषि तथा पशुजन्य उपजको बजारीकरणलाई प्रभावकारी बनाउन हाटबजार सञ्चालनलाई व्यवस्थित गरिनेछ। कृषकहरूको उत्पादन ढुवानीका लागि सहकार्यमा सवारी साधन खरिद गरिनेछ। हाल सञ्चालनमा रहेको शीत भण्डारलाई समेत व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। साथै कृषि तथा पशुजन्य उत्पादनहरूको मूल्य शृङ्खला विकासका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६३. गुणस्तरीय वीउविजनको प्रयोगले कृषि उत्पादन वृद्दिका लागी अनुदानमा खाद्यान्न तथा तरकारी वालिको वीउविजनका वितरण कार्यक्रम संचालनमा ल्याईनेछ।

६४. दुध तथा मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागी उन्नत जातका नक्ष्ल वितरण, कृतिम गर्भाधान तथा सचेतनाका कार्यक्रमहरु संचालनमा ल्याईनेछ साथै उत्पादनमा आधारित दुधमा दिने अनुदानलाई निरन्तरता दिइनेछ ।

६५. पशु स्वास्थ्य तथा पशु आहार व्यवस्थापनका लागी साझेदारीमा हिउँदे, वर्षे तथा बहुवर्षिय उन्नत जातका घाँसका वीउ तथा बेर्ना वितरण कार्यक्रम संचालनमा ल्याईनेछ।

६६. कृषि तथा पशुपन्छी रोग उपचारको लागी पालिकामा रहेका पशु सेवा केन्द्र, कृषि तथा पशु प्राविधिकको माध्यमबाट नियमित रुपमा सेवा प्रदान गरिनुका साथै प्राविधिक सल्लाह दिईनेछ।

**उद्योग तथा व्यवसाय प्रवर्धनः-**

६७. उपप्रमुख उद्यमशिलता तथा युवा स्वरोजगार कार्यक्रम मार्फत स्थानीय तथा स्वदेशी कच्चा पदार्थको उपयोग गरी संचालन हुने स्थानीय माग र आवश्यकतामा आधारित सीप विकास तालीमलाई प्राथमिकता र निरन्तरता दिईनेछ ।

६८. दर्ता प्रकृयामा आबद्द नभएका उद्योग/व्यापारला ई दर्ता प्रकृयामा ल्याउन अभिमुखिकरण तथा सहजिकरण गरिनेछ।

६९. दीर्घकालीन आयआर्जनमा सहयोग पुग्ने युवा, महिला, अपाङ्गता भएका अल्पसंख्यक, सिमान्तकृत व्यक्तिहरुलाई उद्यमशिलतामा जोड दिन संघ प्रदेश र साझेदार संस्थाहरुसंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

७०. नयाँ उद्यमीहरुका लागी उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिई त्यसको प्रभावकारीता अभिवृद्धिमा जोड गरिनेछ।

७१. स्थानीय उत्पादनलाई प्रर्दशनी, कोसेली गृह संचालन, मेला, महोत्सव स्टल मार्फत प्रचारप्रसार र बजारीकरणलाई निरन्तरता दिइनेछ ।

७२. स्थानीय व्यापार, व्यवसायलाई कानून सम्वत, अनुशासित, मर्यादित र जिम्मेवार बनाउन बजार अनुगमनलाई निरन्तर र प्रभावकारीता अभिवृद्धिमा जोड दिइनेछ ।

७३. स्थानीय कृषि तथा पशु उत्पादन र वन पैदावरको उपयोग हुने गरी निजी तथा समूह सहकारीको साझेदारीमा उद्योग संचालन गर्न आवश्यक पहल गरिनेछ ।

**श्रम तथा रोजगारः-**

७४. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप र क्षमताको स्थानीय स्तरमै उपयोग गर्न आवश्यक नीति तर्जुमा गरी समन्वय गरिनेछसाथै तालिम प्राप्त जनशक्तिहरुको सीप परीक्षणमा सहजिकरण गरिनेछ ।

७५. आन्तरिक रोजगारी सिर्जनाका लागि सरकारी, निजी तथा सरोकारवालासँग सहकार्य र समन्वयलाई जोड दिइनेछ।

७६. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि पुनः श्रम स्वीकृति, परामर्श, बीमा तथा राहत प्रक्रियामा नगरपालिकाबाट सहजीकरण गरिनेछ।

७७. रोजगार, सीप तथा उद्यमशीलता विकास केन्द्रमार्फत वैदेशिक रोजगार बोर्डका कल्याणकारी सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

७८. नगरपालिका भित्रका औपचारिक, अनौपचारिक, स्वरोजगार तथा रोजगारदाता सबैलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन आवश्यक पहल गरिनेछ।

**सहकारीः-**

७९. नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाको प्रवर्धन प्रभावकारी नियमन, क्षमता विकास, सहकारी शिक्षा वित्तीय साक्षरता मार्फत स्रोत साधन र पूँजीलाई उत्पादनशिल एंव आयमूलक क्षेत्रमा परिचालन गरी सहकारी संघसंस्थाको संस्थागत सुदृढिकरण तथा क्षमता विकास गरिनेछ ।

८०. समाज रुपान्तरण तथा आर्थिक विकासमा थप टेवा पुऱ्याउन विभिन्न कार्यक्रम संचालन गर्न प्रेरित गर्दै उद्देश्यपरक क्षेत्र भन्दा बाहिर गइ कार्य गर्ने सहकारीलाई कानून बमोजम कारवाहि गरिने छ राम्रा सहकारीहरुलाई पुरस्कृत गरिनेछ ।

**पर्यटनः**

८१. पर्यटन क्षेत्रलाई क्षेत्रगत विकास अवधारणाअन्तर्गत योजनाबद्ध रूपमा विकास र विस्तार गरिनेछ। नयाँ तथा सम्भावित पर्यटन गन्तव्यहरूको पहिचान, अभिलेखीकरण, पूर्वाधार सुदृढीकरण र प्रचार—प्रसारमार्फत पर्यटन प्रवर्द्धन गरिनेछ।

८२. भेरी नदीमा राफ्टिङ, जल यातायात तथा होमस्टे विकासको सम्भाव्यता अध्ययन गरी सञ्चालनमा रहेका गतिविधिहरूलाई व्यवस्थित गरिनेछ। साथै भोटेचुली, खटाङ्ग, खैरेनी, मालारानी गुफा, चमेरे गुफा, राम्रीकाँडा दह, दुरविन डाँडा, जुरीचुला, कोट, खारखोला झरना, झालेपर लगायतका पर्यटकीय स्थलहरूको क्रमागत रुपमा विकास, संरक्षण र प्रवर्द्धन गरिदै लगिनेछ। गुमी सैयाँताल सिमसार क्षेत्रको संरक्षणका लागि

आवश्यक अध्ययन गरिनेछ। साथै पर्यटकीय सम्भावनालाई थप विस्तार गर्न **केवलकार** (**Cable Car**) **सञ्चालनको सम्भाव्यता अध्ययन** समेत गरिनेछ।

**गरिवी निवारणः**

८३. घरधुरी सर्भेक्षणमार्फत गरिब घरपरिवार पहिचान गरी रोजगारमुलक सीप विकास तथा रोजगकारीका अवसरहरु विस्तार गर्दै आर्थिक सशक्तिकरण गरिनेछ ।

## ३.पूर्वाधार विकासः-

### भौतिक पूर्वाधारः-

८४. योजना छनौट तथा निर्माण गर्दा गुणस्तर, समय, लागत र दूरी न्यूनीकरणसँगै आर्थिक लाभलाई प्राथमिकता दिइनेछ।

८५. तथ्य र प्रमाणमा आधारित नीति तथा योजना तर्जुमा प्रणाली सुदृढ गर्दै स्थानीय स्रोत, परम्परागत सीप र ज्ञानको उपयोग गरी बौद्धिक सम्पत्तिको संरक्षण गरिनेछ।

८६.कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री कार्य प्रणाली विकासका लागि आवश्यक तालिम सञ्चालन गरिनेछ।

८७. जलजन्य विपदबाट मानव बस्ती, कृषि भूमि र पूर्वाधार संरक्षण गर्दै विपद् न्यूनीकरणका लागि तटबन्ध तथा नियन्त्रण कार्य निरन्तर गरिनेछ।

८८.भवन निर्माण तथा नक्सापास प्रक्रियालाई व्यवस्थित बनाउन भवन मापदण्ड र कार्यविधि तयार गरी अनिवार्य रूपमा लागू गरि गर्दै क्रमश डिजिटल प्रणालीमा रुपान्तरण गरिनेछ साथै भूकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी जनचेतना अभिवृद्धि तथा श्रमिक र प्राविधिकहरूको क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

८९.निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न प्रयोगशाला सामग्री तथा उपकरण व्यवस्थापनका साथै प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ।

९०. पूर्वाधार निर्माणलाई लैङ्गिक, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा अपाङ्गमैत्री बनाउने नीति अनिवार्य गरिनेछ।

९१. पहिरो नियन्त्रणका लागि बायो-इन्जिनियरिङ प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ।

९२. सडक तथा अन्य हेभी मेसिनरी प्रयोग हुने निर्माण कार्य उपभोक्ता समितिबाट गरिने अभ्यास निरुत्साहित गरिनेछ।

९३. भेरिगङ्गा नयाँ सहरको सहकार्यमा यसपालिका क्षेत्रको समग्र विकास निम्ति गुरु योजना तयार गरिने छ सोही वमोजिम यस क्षेत्रको  वातावरणीय तथा भौतिक संरचना सुधार गर्दै सडक, खानेपानी, ढल, आवास, हरित क्षेत्र, कृषि क्षेत्र, पर्टकीय क्षेत्र, व्यवस्थित बजार तथा बसपार्कलगायत एकीकृत शहरी पूर्वाधार विकासका लागि संघीय र प्रदेश तथा दातृ निकायहरुसँग समन्वय गरिनेछ।

## भूमि व्यवस्थापन, वस्ति तथा शहरी विकासः-

९४. गुर्भाकोट नगरपालिकाभित्र भूमिको क्षमता र उपयुक्तताका आधारमा भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

९५. जोखिमयुक्त तथा विकासका लागि अनुपयुक्त क्षेत्रहरूको पहिचान गरी अति जोखिम बस्तीहरूको स्थानान्तरण तथा सुरक्षित र एकीकृत बस्ती विकासका लागि आवश्यक थप अध्ययन गरिनेछ।

९६. गुर्भाकोट नगरपालिकालाई आधुनिक, व्यवस्थित र जीवन्त नगरका रूपमा विकास गर्न तहगत सरकार तथा सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ।

९७. भूमि समस्या समाधान आयोगको समन्वयमा १४ वटै वडामा जग्गाधनी लालपूर्जा वितरण अभियानलाई निरन्तरता दिइनेछ।

९८. सार्वजनिक, ऐलानी तथा पर्ती जग्गाको संरक्षण तथा सीमाङ्कन कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

## विधुत एवम् वैकल्पिक ऊर्जाः-

९९. पेट्रोलियम पदार्थको खपत न्यूनीकरण, स्वच्छ तथा वैकल्पिक ऊर्जाको प्रयोग प्रवर्द्धन र वातावरण संरक्षणका लागि 'एक घर-एक विद्युतीय चुलो' वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधार विकास, विद्युतीय चार्जिङ स्टेशन निर्माणका लागि अध्ययन तथा आवश्यक पहल गरिनेछ।

१००. नगर उज्यालो कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गर्न पालिकाभित्रका जलस्रोतको सम्भाव्यता अध्ययन गरी विद्युत उत्पादन गर्न साझेदार निकायसंग सहकार्य गर्ने नीति लिइनेछ ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

४.वन, वातावरण तथा विपद् व्यवस्थापन

**वनः-**

१०१. सामुदायिक वन व्यवस्थापनसँगै वनबाट प्राप्त हुने राजस्व संकलनलाई प्रभावकारी बनाइनेछ।

१०२. वन संरक्षणमा समुदायको सहभागिता वृद्धि गर्दै वृक्षारोपण र आगलागी नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

१०३. सामुदायिक वन समितिको अभिलेखिकरण गरी एकीकृत वन विकासमार्फत गरिबी निवारणमा योगदान पुऱ्याइनेछ।

**वातावरणः-**

१०४. पूर्वाधार निर्माणमा प्राकृतिक स्रोतको संरक्षण गर्दै दिगो, उत्थानशील र वातावरणमैत्री विकासमा जोड दिँदै विकास र वातावरणबीच सन्तुलन कायम गरी पारिस्थितिक प्रणाली संरक्षण गर्दै वातावरणमैत्री नगरपालिका घोषणाका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१०५. क्याच्मेन्ट अप्रोचमार्फत जल, जंगल र जमिनको दिगो उपयोग गर्दै समुदायको जीविकोपार्जन सुधार गरिनेछ, साथै लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्दै कम्तीमा ५०% महिला सहभागिता कायम गरिनेछ र जलवायु परिवर्तन अनुकूलन तथा पानीका स्रोतहरूको संरक्षण, पुनर्भरण र दिगो व्यवस्थापनलाई स्थानीय विकास योजनासँग एकीकृत गरिनेछ।

**विपद् व्यवस्थापनः-**

१०६. विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, खोज, उद्धार, राहत तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिँदै जोखिम क्षेत्र पहिचान गरी सम्बन्धित निकाय र समुदायसँग समन्वय गरिनेछ।

१०७.मौसम पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सुदृढ गरी कृषकलाई कृषि मौसम सल्लाह सेवा उपलब्ध गराइनुका साथै जोखिम क्षेत्रका समुदायलाई समेत सचेत गराइनेछ र समुदायमा विपद् सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१०८.विकास निर्माण तथा योजना प्रक्रियामा वातावरण, सरसफाइ, जैविक विविधता र विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहिकरण गर्दै विद्यालयस्तरमा समेत सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

१०९. आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई आवश्यक सामग्रीसहित स्तरोन्नति गरी विपद् व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

**जलवायु परिवर्तनः-**

११०. जलवायुजन्य विपद्बाट हुने जनजीवन, पूर्वाधार र सम्पत्तिको क्षति न्यूनीकरणका प्रायसहरु गर्दै जलवायुमैत्री कृषि प्रणालि प्रवर्धन गरी गरी खाद्य सुरक्षा, पोषण तथा जीविकोपार्जन सुदृढ गरिनेछ।

१११. जलवायु सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सुशासन र सामाजिक समावेशीकरणलाई मूलप्रवाहिकरण गरिनेछ।

११२. जलवायु परिवर्तन सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रविधिको विकास गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि स्थानीय अनुकूलन कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

११३. तथ्यमा आधारित नीति निर्माणलाई प्राथमिकता दिइनेछ। यसबाट निर्णय प्रक्रिया वैज्ञानिक र प्रभावकारी बनाइनेछ।

**फोहोरमैला व्यवस्थापनः-**

११४. फोहोरमैला व्यवस्थापनका लागि आधुनिक तथा नविन प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ साथै फोहोरलाई आयको स्रोतका रूपमा उपयोग गर्ने सम्भाव्यता अध्ययन गरिनेछ।

११५. फोहोरमैला व्यवस्थापनमा नागरिक सहभागिता अभिवृद्धि गर्दै घरायसी फोहोरलाई स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था गरिनेछ। कुहिने फोहोरको जैविक मल उत्पादन तथा नकुहिने फोहोरको पुनःप्रयोग, पुनर्चक्रण र सुरक्षित व्यवस्थापनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**५.सुशासन तथा सार्वजनिक सेवा प्रवाह**

**सार्वजनिक सेवा प्रवाहः-**

११६. पालिकाबाट प्रवाह हुने सेवा जनमुखी, पारदर्शी, जवाफदेही तथा सेवाग्राहीमैत्री बनाइनेछ। साथै विकास तथा सेवा प्रवाहमा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

११७. टोल विकास संस्थाहरूलाई नगरपालिकाको अभिन्न इकाइका रूपमा सुदृढ गर्दै संस्थागत क्षमता विकास गरी स्थानीय विकासमा प्रभावकारी रूपमा परिचालन गरिनेछ। साथै नतिजामुखी अनुगमन प्रणाली सुदृढ गर्दै योजना तथा कार्यक्रमहरू समयमै र गुणस्तरीय रूपमा सम्पन्न गरिनेछ।

११८. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सहभागितामूलक अनुगमनलाई सेवा प्रवाहको अनिवार्य र प्रभावकारी उपकरणका रूपमा कार्यान्वयन गरिनेछ। साथै कर्मचारीहरूको कार्यविवरण र कार्यसम्पादन सम्झौता लागू गरी कार्यसम्पादनलाई नतिजामुखी र उत्तरदायी बनाइनेछ।

११९. आर्थिक अनुशासन सुदृढ गर्दै बेरुजु फछ्र्यौट कार्यलाई प्रभावकारी रूपमा निरन्तरता दिइनेछ। साथै खरिद कार्यमा पारदर्शिता कायम गर्न खरिद योजना तथा खरिद गुरु योजना तयार गरी मात्र खरिद प्रक्रिया अघि बढाइनेछ र ई-बोलपत्र (E-Bid) प्रणालीलाई प्राथमिकता दिइनेछ।

१२०. शान्ति सुरक्षा सुदृढीकरणका लागि सम्बन्धित सुरक्षा निकायसँग समन्वय गरी आवश्यक स्रोतसाधन तथा पूर्वाधारमा सहयोग गरिनेछ। साथै अन्तरपालिका समन्वय, असल अभ्यास आदान-प्रदान तथा नागरिक स्तरमा समालोचनात्मक चेतना र सकारात्मक सोच विकासका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२१. पालिकाका सम्पूर्ण गतिविधिहरूको तथ्यांकगत दस्तावेजीकरण गर्दै नगरवासीहरूको आर्थिक, सामाजिक तथा जनसांख्यिक विवरणलाई आर्थिक परिसूचकका आधारमा विश्लेषण गरी लक्षित योजना निर्माण र संस्थागत पारदर्शिता सुदृढ गरिनेछ।

**<u>सूचना प्रविधिः-</u>**

१२२. पालिका तथा मातहतका कार्यालयहरूमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) र नेपाल सरकारको केन्द्रीकृत विद्युतीय हाजिरी प्रणाली लागू गर्दै प्रशासनिक कार्यलाई डिजिटल, पेपरलेस, पारदर्शी र सेवा केन्द्रित बनाइनेछ। साथै कर्मचारी तथा जनप्रतिनिधिहरूको सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता(AI), साइबर सुरक्षा र ई-शासनसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरी सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र सुशासित बनाइनेछ।

१२३. ई-गभर्नेन्स प्रणालीको विस्तार गर्दै सबै सेवाहरूलाई क्रमशः अनलाइन, छिटो, सहज र नागरिकमैत्री बनाइनेछ तथा डिजिटल अभिलेख व्यवस्थापनलाई संस्थागत गरिनेछ।

१२४. सेवा प्रवाह तथा सूचना सम्प्रेषणका लागि आधिकारिक डिजिटल प्लेटफर्म तथा सामाजिक सञ्जाललाई एकीकृत, व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

<u>राजश्वः-</u>

१२५. राजश्व सुधार कार्ययोजना बनाई सरोकारवाला, जनप्रतिनिधि, व्यवसायी तथा कर्मचारीहरुलाई राजश्व परिचालन तथा अविवृद्धि कार्यक्रम संचालन गरी राजश्वको दायरामा विस्तार गरिनेछ ।

१२६. सञ्चार माध्यममार्फत करदाता शिक्षा प्रदान गर्ने, नियमित करदातालाई प्रोत्साहन तथा सम्मानस्वरूप कर दिवस (मंसिर १) मनाउने, व्यवसाय दर्ता तथा नविकरणको अवस्था समय-समयमा बजार अनुगमनमार्फत जाँच गर्ने र व्यवसायीलाई कर प्रणालीमा आबद्ध भई नियमित कर तिर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

१२७. "मैले तिरेको कर मेरै लागि" भन्ने नारालाई व्यवहारमा उतार्न गर्न स्थानीय मार्फत संकलन भएको करको खर्च हुने क्षेत्र एकिन गरी करदातालाई जानकारी गराइनेछ ।

## ६. न्यायिक क्षेत्र (न्यायिक समिति तथा विवाद समाधान):

१२८. विद्यमान कानुनी व्यवस्थाबारे समुदायस्तरमा सचेतना तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२९. न्यायिक समितिको सेवालाई प्रविधिमैत्री बनाउँदै छिटो, छरितो, पारदर्शी र विश्वसनीय न्याय सम्पादन गरिनेछ। साथै विपन्न तथा पहुँचविहीन वर्गको न्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक परामर्श तथा सहयोग सेवा उपलब्ध गराइनेछ।

१३०. सामाजिक द्वन्द्वहरूको समाधान मेलमिलाप प्रक्रियामार्फत गरिनेछ र सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

मैले यस गुर्भाकोट नगरपालिकाको तर्फबाट आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम संक्षिप्त रूपमा प्रस्तुत गरिसकेको छु। समृद्ध गुर्भाकोट नगरपालिका निर्माणको अभियानमा नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूले दिनुभएको साथ, सहयोग र विश्वासप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। जनभावना अनुसार अघि बढ्ने हाम्रो निरन्तर प्रतिबद्धता रहेको व्यहोरा समेत अवगत गराउन चाहन्छु।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

यस नीति तथा कार्यक्रम तयार गर्ने क्रममा अमूल्य सहयोग पुऱ्याउनुहुने नगरसभाका सदस्यज्यूहरू, कर्मचारीहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरू, स्थानीय बौद्धिक वर्ग तथा सरोकारवाला महानुभावहरू, साथै विभिन्न संघ-संस्थाका प्रतिनिधिज्यूहरूप्रति हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु।

नगरको समग्र विकासका लागि प्राप्त सबै अमूल्य सुझावप्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग र सहकार्यको अपेक्षा गर्दछु। उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

हस्त पुन
नगर प्रमुख

२. गुर्भाकोट नगरपालिकाको आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३ उप प्रमुख मैना वि.क. द्धारा बैठकमा छलफलका लागि टेबुल गरियो ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८३ र कार्य स्थलमा हुने यौन जन्य उत्पीडन, शोषण र दुर्व्यवहार सुरक्षा नीति २०८३ सामाजिक विकास समितिका संयोजक श्री बासुदेव शर्माबाट छलफलका लागि सभामा पेश गरियो ।

४. गुर्भाकोट नगरपालिकाको आथिक वर्ष २०८३/०८४ को आय व्यय सहित बार्षिक बजेट तथा कार्यक्रम उप प्रमुख मैना वि.क.बाट प्रस्तुत गरी छलफलका लागि सभामा पेश गरियो ।

१९ सभाध्यक्ष श्री हस्त पुन ज्यूबाट १९ औं नगर सभाको दोस्रो बैठक मिति २०८३।०३।२७ गते शनिवार विहान ११:०० को लागि आह्वान गरी बैठक स्थगित गरियो ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

**औं नगर सभा दोस्रो बैठक मिति २०८३।०३।२७ का निर्णयहरु**

१. गुर्भाकोट नगरपालिकाको १९ औ नगर सभाको पहिलो बैठक मिति २०८३।०३।१० गते पेश भएका देहायक विधेयक र नीति सर्वसम्मतीले परित गरियो ।

क. गुर्भाकोट नगरपालिकाको आर्थिक विधेयक २०८३,

ख. गुर्भाकोट नगरपालिकाकाको विनियोजन विधेयक २०८३,

ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८३

घ. कार्य स्थलमा हुने यौन जन्य उत्पीडन, शोषण र दुर्व्यवहार सुरक्षा नीति २०८३

२. गुर्भाकोट नगरपालिकाको देहायको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन सहित सर्वसम्मतीले परित गरियो ।

**आ.व.२०८३/८४ को बजेट तथा कार्यक्रम**

**गुर्भाकोट नगरपालिकाको १९ औं नगरसभाका आदरणीय सभाध्यक्षज्यू,**
**उपस्थित सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु,**

विभिन्न राजनीतिक परिवर्तन र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, घाइते योद्धाहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु। यसै सन्दर्भमा, पछिल्लो समय सुशासन, पारदर्शिता र रूपान्तरणका लागि जेन्जी (**Gen-Z) पुस्ताले** सडकदेखि सदनसम्म उठाएका नवीन र न्यायपूर्ण आवाजहरूलाई स्थानीय सरकारको कार्यशैलीमा आत्मसात् गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

नेपालको संविधान बमोजिम गुर्भाकोट नगरपालिकाको यस गरिमामय १९ औं नगरसभामा आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित छु। उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यो बजेट तयार गर्दा मैले संविधान, दिगो विकास लक्ष्य, सङ्घ तथा कर्णाली प्रदेश सरकारका नीति एवं योजनाहरू, नगर प्रमुख ज्यूको नीति तथा कार्यक्रम र सरोकारवालाहरूको अमूल्य सुझावलाई मुख्य मार्गदर्शक सिद्धान्त मानेको छु। अब म आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।"

**आदरणीय सभाध्यक्ष ज्यू,**

साविकको सुभाघाट गंगामाला नगरपालिका र साविक सहारे, मालारानी र धारापानी गा.वि.स. मिलेर यस नगरपालिकाको निर्माण भएको व्यहोरा सबैलाई अवगत नै छ । २२८.६० वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा २०७८ को जनगणनाको तथ्यांङ्क हेर्दा ४८ हजार २ सय १६ जनसंख्या रहेको छ । १४ वटा वडामा विभाजित यस नगरपालिकामा विभिन्न भौगोलिक बनावट रहेकोमा वडा नं. १,३,५ को पुरै भाग र वडा नं. २,४,६,९,११,१२ र१४ को केहि भाग उच्च पहाडी भिरालो जमिन मिलेर वनेको व्यहोरा यहाँहरुमा

जानकारी भएकै छ। भिरालो, उच्च पहाडी भागमा नगरवासीले सहज जीवनयापन गर्न, विकास निमार्ण गर्न चुनौतीपूर्ण छ ।यद्यपी उल्लेखित भू-भागमा वस्ने नगरवासीहरुको पनि मुहार उज्यालो वनाउने दायित्व नजिकको स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुन्छ ।

**सभाध्यक्षज्यू,**

म आ.व. २०८३/०८४को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि हालसम्म भएका प्रगति एवं चालु आ.व. मा भएको प्रगतिको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आ.व. २०८२।८३ को** हाल सम्मको प्रगतिलाई विचार गर्दा आजका मिति सम्म् कुल **भौतिक प्रगति ६८.००** प्रतिशत भएको जस मध्ये सम्झौता भएका ३४७ योजना मध्ये **२४२** वटा योजनाहरुको भुक्तानी भइसकेको र बाँकि १०६ वटा योजनाहरु भुक्तानी प्रक्रियामा रहेको र **वित्तीय तर्फ** हाल सम्म चालु खर्च करिब **८०** प्रतिशत भन्दा बढी भएको र **पूँजीगत तर्फ ४७ प्र**तिशत रहेको छ । समग्र प्रगतीलाई हेर्दा हाल सम्मको अवस्था सन्तुलन रहेको छ।

**सभाध्यक्ष महोदय,**

**अव म आ. व. २०८२।८३** मा भएका प्रयास, उपलब्धी बजेटमा भएको व्यवस्था समेतलाई प्रस्तुत गर्न चाहन्छु ।

१. नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्ने, संवैधानिक रुपमा स्थानीय तहको जिम्मेवारी भएकोले त्यसलाई सर्वसुलभ, प्रभावकारी र गुणस्तरीय बनाउँदै लैजाने प्रयास गरिएको छ।

२. मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, समुदायमा आधारित स्वास्थ्य प्रर्वद्धन निर्देशिका, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन निर्देशिका तयार गरी सोही अनुसारका कार्यक्रम कार्यान्वयनमा कानूनी आधार र सहजता प्रदान गरिएको छ ।

३. दक्ष जनशक्तिद्वारा बर्थिङ सेन्टरबाट सुरक्षित गर्भवती र सुत्केरी सेवा उपलब्ध गराउनुका साथै उत्तर प्रसूति सेवा, ग्रामीण अल्ट्रासाउन्ड, एच पी भी/ डी एन ए, भि आई ए जाँच, एच पी भि खोप लगायतका सुनौलो १००० दिनका आमाहरु तथा बालाबालिकाहरुको पोषण कोशेली कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरिएको छ ।

४. वि.स. २०८७ सम्म पोषणमैत्री स्थानीय तह बनाउनका लागी विभिन्न साझेदार निकायहरुको समन्वय र सहकार्यमा १४ वटै वडामा बहुक्षेत्रीय पोषण कार्यक्रम, ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखाजोखा र वृद्धि अनुगमनको प्रगति उपलब्धिमूलक रहेको छ ।

५. ब्रिटिश काउन्सिल र नगरपालिकाको साझेदारीमा शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूका लागि अंग्रेजी र अन्य विषयको शिक्षकहरुलाई तालीम प्रदान पश्चात शिक्षण—सिकाइमा गुणस्तर, कार्यमूलक अनुसन्धान, विज्ञ रोष्टर तयार लगायत शिक्षकको पेशागत दक्षतामा अभिवृद्धि भएको छ साथै माध्यमिक

विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति को अध्यक्ष, शिक्षक अभिभावक संघको अध्यक्षहरुको विद्यालय सुधार योजना र विद्यालय व्यवस्थापन सम्वन्धि क्षमता विकास गरिएको छ ।

६. सामुदायिक र संस्थागत विद्यालयहरुको प्र. अ. र सहायक कर्मचारीहरुलाई एकीकृत पाठ्यक्रम, सूचना तथा सञ्चार प्रविधि सम्बन्धि क्षमता अभिवृद्धि तालिमले विद्यालयको एकीकृत सूचना व्यवस्थापन प्रणालीमा सहयोग पुगेको छ ।

७. शिक्षण—सिकाइमा गुणस्तरीता कायम र पेशागत दक्षता बढाउन नव प्रवेशी शिक्षकहरुलाई गतबर्षदेखि सुरु भएको मेन्टरिङ कार्यक्रमलाई निरन्तरता, शिक्षकको दरबन्दी मिलान, दलित, अपाङ्गता भएका र विपन्न वर्गका विद्यार्थीका लागि छात्रवृत्रि कार्यक्रमलाई प्रभावकारी बनाईएको छ ।

८. अभिभावक विहिन, विपन्न तथा असहाय वालवालिकाहरुको शैक्षिक पहुँच सुनिश्चितता कायम गरिएको छ।

९. सामाजिक समावेशीकरण क्षेत्रमा जनचेतनामूलक कार्यक्रम, सीप विकास तालीम तथा अन्य क्षमता अभिवृद्धि कार्यक्रमबाट ३५०० जना भन्दा बढि महिला, दलित, अपाङ्गता भएका, जेष्ठ नागरिकहरु लाभान्वित भएका छन् ।

१०. यस नगरपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्ति, दलित, महिला, एकल महिला, आदिवासी जनजाति, लोपोन्मुख सीमान्तकृत तथा अनाथ, असहाय बालबालिकाहरुको उत्थान, उद्दार, विकास, सशक्तिकरण र मुलप्रवाहिकरणको लागि विभिन्न साझेदार संस्थाहरुको समन्वयमा सामग्री वितरण, छात्रवृत्ति वितरण, राहत, सहयोग, परामर्श, सीप विकास तालीम प्रदान गरिएको छ ।

११. "वाल विवाह मुक्त हाम्रो नगर, बालमैत्रीयुक्त समृद्ध गुर्भाकोट" भन्ने संकल्पलाई आत्मसात गर्दै वालविवाह न्यूनिकरण गर्न र अनाथ असहाय तथा जोखिमयुक्त बालबालिकाहरुलाई आवासीय छात्रावास सहित सामाजिक संरक्षणलाई निरन्तरता दिईएको छ ।

११.खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तथा कार्यक्रमका लागि विभिन्न संघ—संस्थासँग साझेदारी गरी कार्यक्रम सञ्चालन मार्फत सिनर्जिक प्रभाव ल्याउने प्रयास गरिएको छ । साथै गुर्भाकोट नगरपालिकामा संचालनमा रहेका खानेपानी उपभोक्ता संस्थालाई संस्थानको रुपमा विकास गर्दै लगिने छ।

१२.फोहोरमैलाको दिगो व्यवस्थापनको लागि नवीनतम प्रविधिको उपयोग र यसको सामूहिक व्यवस्थापनको public private partnership को मोडेल अनुरुप सञ्चालनार्थ अध्ययन गरिएको छ साथै विपद् जोखिम क्षेत्र पहिचान र वर्गीकरणको लागि आवश्यक पहल गरिएको छ ।

१३. वातावरण संरक्षण जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनको लागि संघ, प्रदेश, अन्य स्थानीय तह र विभिन्न संघ संस्थाको समन्वय र साझेदारीमा अन्तरसम्बन्धित सवालको रुपमा कार्यक्रम अगाडि बढाईएको छ ।

१४. फोहोरमैला व्यवस्थापनका लागि कलस्टर अनुसार रुटिङ बनाएर संकलन र व्यवस्थापन गर्ने, अन्तरसम्वन्धित सवालको रुपमा वातावरणमैत्री योजना, कार्यक्रमसंग तादाम्यता मिलाएर

कार्यक्रमलाई निरन्तरता दिईएको छ साथै पेट्रोलियम पदार्थको खपत न्यूनिकरण गर्न विद्युतीय चुलो प्रयोगलाई प्रोत्साहन गरिएको छ ।

१५. उप-प्रमुख उद्यमशीलता तथा युवा स्वरोजगार कार्यक्रम मार्फत चालु आ.व.मा १६६ जना र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत १२ जनाले सीप विकास तालिम लिएका छन् ।

१६. दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्न शुरु गरिएको छ। जसमा सीप विकास तालीम लिई आयआर्जनमा संग्लन उद्यमीहरुले रु.१० हजार देखि ८० हजार सम्म मासिक आम्दानी गरिरहेका छन् ।

१७. कानुनी रुपमा दर्ता भई व्यवसाय गरिरहेका ४ जना विभिन्न विषयका उद्यमीहरुले उपयुक्त प्रविधि प्राप्त पश्चात् उद्यमीहरुको आयआर्जनमा वृद्धि भएको छ ।

१८. सामाजिक विकास मन्त्रालय, उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत र प्राविधिक तथा व्यवसायिक तालीम परिषद्को समन्वयमा स्थानीय रुपमा ज्ञान सीप भएका वा परम्परागत सीप भएका ३५ जना उद्यमीहरुको सीप परीक्षण गरी प्रमाणित गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

१९. उद्ममीहरुको उत्पादनलाई प्रचारप्रसार, बजारिकरण गर्नका लागि उद्योग दिवस, प्रदर्शनी प्रतियोगिता, एतिहासिक सुभाघाट मेलामा निःशुल्क स्टलको व्यवस्था, प्रदेश स्तरका मेला महोत्सवमा सहयोग प्रदान गरी उद्यमीहरुको उत्पादनलाई बजारिकरण गरिएको छ ।

२०. प्रदेश सरकार, आइ.एन.एफ. लगायतका संस्थाहरु र नगरपालिकाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भरता र आत्मबललाई उत्साहजनक परिवर्तन ल्याउन विभिन्न सीपमूलक कार्यक्रमहरुसंग जोड्ने अपाङ्गमैत्री घर तथा सरकारी संरचना निर्माण गर्ने र आवश्यकताको आधारमा सहायता सामग्री वितरण कार्य गरिएको छ ।

२१. सहकारी संस्थाहरुको क्षमता विकास, संरक्षण, प्रवर्द्धन र नियमनका लागि आवश्यकतानुसार सहकारीको विधान संशोधन, सहकारीलाई कोकोमिसमा आवद्ध, सहकारीको कोकोमिसमा पासवर्ड रिसेट गरिएको छ ।

२२. दुध उत्पादन गर्ने किसानहरुको लागि दुधमा अनुदान प्रोत्साहन कार्यक्रम अन्तरगत पालिकाबाट प्रति लिटर रु. २ र प्रदेश सरकार पशुपंक्षि विकास निर्देशनालयबाट प्रति लिटर रु. ५ गरी प्रति लिटर रु. ७ का दरले प्रोत्साहन रकम प्रदान गरी दुध उत्पादक कृषकलाई प्रोत्साहन र उत्प्रेरित गरिएको छ ।

२३. स्वाथ्य सेवालाई गुणस्तरीय बनाउनका लागि पशु सेवा शाखा र केन्द्र मार्फत पशुपंक्षिहरुको उपचार,माहामारीजन्य रोगहरु पि.पि.आर, खोरेत, रेविज विरुद्धको खोप, कृत्रिम गर्भाधान, बन्धाकरण, निःशुल्क शिविर सञ्चालन कार्यक्रम मार्फत पशु सेवालाई सरल, सहज र प्रभावकारी बनाईएको छ ।

२४. मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत १४ वटा योजनाहरु कार्यान्वयन मार्फत २३५ जनाले रोजगारी पाएका छन् । जसबाट कृर्षि, पशु, उद्योग,सहकारी यातायत तथा पर्यटन क्षेत्रमा पूँजी निर्माण र न्युनत्तम रोजगारीको हकको कार्यान्वयन भएको छ।

२६. वैदेशिक रोजगारलाई मर्यादित र भयरहित बनाउन १७५ जनाको श्रम स्वीकृती, बैदेशिक रोजगारिमा मृत्यु भएका ३ वटा परिवारलाई क्षतिपूर्तिका लागी सहजिकरण, ९ जनालाई सन्तती छात्रवृति सहजीकरणसंगै बैदशिक रोजगार सम्बन्धि अन्य परामर्श सेवा प्रदान गरिएको छ ।

२७. यस नगरपालिका अन्तरगत रहेका १४ वटै वडा कार्यालयबाट नागरिकता सिफारिस प्रणालीलाई पूर्ण रुपमा डिजिटलाईज गरिएको छ । उक्त सेवा मार्फत २६९१ जनाले नागरिकताका लागि अनलाईन सिफारिस लिएका छन्। जसले गर्दा नागरिकताको कूर्ते सिफारिस पूर्ण रुपमा बन्द भएको छ ।

२९. कर्मचारीहरुको नियमितता विषयलाई प्रचलित कानूनमा नै अंगिकार गरेको परिपेक्ष्यमा सो विषयलाई स्थायित्व, प्रदान गर्न नगर कार्यपालिकाको कार्यालयमा, स्वास्थ्य चौकि र माध्यामिक विद्यालयमा विधुतिय हाजिरी जडान मार्फत कर्मचारीको समय पालना, नियमितता र पारदर्शिता कायम गरिएको छ ।

३०.नागरिक स्वास्थ्यलाई ध्यान दिई नगरपालिका भित्रका वडा नं- १३ को शिवनगर, वडा नं ८ को खैरेनी मेला लाग्ने चौर र वडा न ४ को पातीहाल्ना गरी ३ स्थानमा खुल्ला व्यायाम शालाको स्थापना र वडा नं ८ को सुर्यज्योती मा. वि.मा योग शिविर सञ्चालन गरिएको छ ।

३१. राष्ट्रिय भूमी आयोग र यस नगरपालिका विचको समन्वयमा विभिन्न आयोग,कार्यदल र समितिबाट नाँपजाच भई श्रेस्ता कायम नभएका अधुरा, अपूरा प्रकृतिका जग्गाहरुको वडा नं ७ मा जग्गा धनी पूर्जा वितरणका लागि कार्यहरु भईरहेको छ । जसमा वडा नं ७ को २क मानिके, २ख कोप्ची, ३ख श्रीवानी, ३ग गोकुलपुर, ३ग चिसीखोली मुहान, ३घ गोचे र ५ख गरी जम्मा ६०.२४ हेक्टर (६०२४२०.८७ वर्ग मिटर) को नाप नक्सा कार्य सकिएको छ । साथै थप लागत प्रविष्टिको कार्य समेत भैरहेको छ।

३३. स्थानीय न्याय प्रणालीलाई सरल, सहज र न्यायोचित बनाउनका लागि न्यायिक समिति मार्फत २० वटा उजुरी परेकोमा १६ वटा समाधान भएको र वडा स्तरीय मेलमिलाप केन्द्रबाट ६९ वटा उजुरी परेकोमा सवै मेलमिलाप प्रक्रियाद्धारा समाधान भएको छ साथै जसले न्यायमा पहुँच नभएका नागरिकले सरल, सहज र कम खर्चमा न्याय पाएका छन् ।

३४. न्यायिक समितिबाट न्यायमा सबैको पहुँच पुर्याउनको लागि विद्यालयमा न्यायिक सचेतना, लागु औषध दुर्व्यसनी न्युनिकरण, बाल विवाह न्युनीकरण सम्बन्धि सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

माथि उल्लेखित चालु आ.व. को बजेट तथा कार्यक्रमका उल्लेखनीय संख्यात्मक र गुणात्मक उपलब्धिहरु हासिल गर्न सकेका छौं। तथापी आशातित राजश्व संकलन हुन नसक्नु, समयमानै बजेट प्राप्त गर्न नसकिनु र योजना सञ्चालनको उत्तरार्धमा संघ र प्रदेशबाट बजेट कटौती हुनु जस्ता कारणहरुले समयमै योजनाहरु सम्पन्न गर्न वेलावखतमा बाधा अड्चन आउने गरेकोले जनताका असिमित आवश्यकतालाई सीमित स्रोत साधनबाट शत प्रतिशत सम्बोधन गर्न नसकिएको व्यहोरा अवगत गराउंदछु ।

**सभाध्यक्ष महोदय,**

चालु आ.व.मा गरेका कार्यको संक्षिप्त समीक्षा सकिएको छ। अब म आगामी आ.व: २०८३/०८४को क्षेत्रगत उद्देश्य तथा प्राथमिकताका आधार प्रस्तुत गर्न अनुमती चाहन्छु ।

१. कृषिमा व्यवसायीकरण र बजारिकरणमा जोड ।
२. गुणस्तरिय शिक्षाको सुनिश्चता र स्वरोजगारमुखी शिक्षामा जोड।
३. स्वास्थ्यका समग्र क्षेत्रमा गुणस्तरमा वृद्धि ।
४. जनमुखी, स्वच्छ, छरितो र प्रविधि मैत्री सार्वजनिक सेवा प्रबाहमा जोड दिने ।
५. विद्युतिय शासनको अवधारणालाई कार्यान्वयन गर्दै प्रभावकारी बनाउने।
६. भूमी प्रशासन समस्यासंग जोडिएको समस्यालाई हल गर्दै सार्वजनिक सम्पतिहरुको पहिचान संरक्षण तथा संवर्द्धन गर्ने ।
७. फोहोरमैलाको समुचित व्यवस्थापन गर्दै नगरपालिकालाई वातावरणमैत्री नगरपालिका घोषणा गर्न आवश्यक पूर्वाधारहरुको प्रबन्ध गर्ने ।
८. दिगो रोजगारी र उद्यमशीलताका प्रर्वद्धन मार्फत गरिबी न्युनिकरण तथा सामाजिक समावेशिकरण गर्ने ।
९. साझेदारी विकास, पूर्वाधार विकास, पुँजी निर्माण र value change (मूल्य परिवर्तन) मा जोड दिने ।
१०. सामाजिक न्याय, न्यायोचित व्यवहार, समावेशीकरण, अर्थपूर्ण सहभागीताको प्रत्याभूत गराउने ।

**सभाध्यक्ष महोदय,**

**सर्वप्रथम म आ.व. २०८३/ ०८४ को अनुमानित आय र ब्यय प्रस्तुत गर्न चाहन्छु**

आर्थिक वर्ष २०८३/०८४ का लागि कुल आय १ अर्व ८ करोड ३४ लाख ४० हजार व्यय तर्फ आय १ अर्व ८ करोड ३४ लाख ४० हजार रुपैया । जस अन्तर्गत पूँजीगत तर्फ ४७ करोड ८३ लाख ९४ हजार र चालुतर्फ ६० करोड ४६ लाख ४६ हजार रहेको छ ।

**आय र व्ययको विस्तृत विवरण**

**१. आय तर्फः**

नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान रु १३ करोड ९८ लाख, राजश्व बाडफाडबाट प्राप्त रकम रु १३ करोड ९३ लाख ७६ हजार ससर्त अनुदान रु ३८ करोड ४८ लाख, विशेष अनुदान रु ८८ लाख, नेपाल सरकार समपुरक अनुदान ९२ लाख प्रदेश सरकारको समानिकरण अनुदान रु १ करोड ९२ लाख ९५ हजार, प्रदेश सरकारको सवारी वाडफाड ३१ लाख ४८ हजार, प्रदेश सरकारको ससर्त अनुदान ४ करोड ३८ लाख २४ हजार, विशेष अनुदान रु ४५ लाख, प्रदेश सरकारको समपूर अनुदान रु २ करोड गुर्भाकोट नगरपालिकाको आन्तरिक आए रु ३ करोड १३ लाख ५ हजार, गत आव को अनुमानित बचत मौज्दात रकम रु ७ करोड ८३ लाख २ हजार, सामाजिक सुरक्षा वापत रु.१८ करोड र जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्यक्रम मार्फत २ करोड १९ लाख २४ करोड रहेको छ ।

२. **व्यय तर्फः**

आ. व. २०८३।८४ को लागि विनियोजित व्यय तर्फ चालु रु ११ करोड ७३ लाख ४४ हजार नगर स्तरीय कार्यक्रममा ४ करोड ७० लाख, उद्योग प्रवर्द्धन रु ७४ लख कृषि र पशु रु ७० लाख स्वास्थ्य रु ३ करोड ७३ लाख ३ हजार, शिक्षा रु ३ करोड ३४ लाख ८६ हजार, महिला बालबालिकाको लागि ५८ लाख १८ हजार वडागत कार्यक्रम रु ९ करोड ९९ लाख, साझेदारी कार्यक्रम रु ५ करोड ३५ लाख, ६५ हजार त्यसै गरी, सहकारी तर्फ रु ५ लाख, न्यायिक समिति तर्फ रु १० लाख, ससर्त अनुदान रु ३८ करोड ४८ लाख, विशेष अनुदान रु ८८ लाख, नेपाल सरकार समपुरक अनुदान ९२ लाख प्रदेश सरकारको समानिकरण अनुदान रु १ करोड ९२ लाख ९५ हजार, प्रदेश सरकारको सवारी वाडफाड ३१ लाख ४८ हजार, प्रदेश सरकारको ससर्त अनुदान ४ करोड ३८ लाख २४ हजार, विशेष अनुदान रु ४५ लाख, प्रदेश सरकारको समपूर अनुदान रु २ करोड गुर्भाकोट नगरपालिकाको आन्तरिक आए रु ३ करोड १३ लाख ५ हजार, जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्यक्रम मार्फत २ करोड १९ लाख २४ हजार र सामाजिक सुरक्षा तर्फ रु. १८ करोड रहेको छ।

**अव म विषय क्षेत्रगत रुपमा विनियोजित बजेटको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

### क. सामाजिक विकास

**शिक्षातर्फः-**

१. शिक्षालाई सर्भसुलभ, गुणस्तरीय प्रभावकारी बनाउन सामुदायिक विद्यालयको भौतिक सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु । त्यसै गरी विद्यार्थी संख्याका आधारमा शिक्षण सिकाई अनुदानका लागि आवश्यक बजेट विनियोजन गरेको छु
२. नगरस्तरीय खेलकुद विकास कार्यक्रम अन्तर्गत रु ३० लाख विनियोजन गरेको छु ।
३. प्राकृतिक विपदबाट क्षति भएका कालिका मा.वि. धारापानी, जनकल्याण प्रा.वि. खोलाडाब, सुर्यज्योति आ.वि. आँपगैराको भवन पुन निर्माण तथा मर्मतका लागि रु ५० लाख विनियोजन गरेको छु साथै

अन्य कमजोर संरचना भएका विद्यालयहरुको संरचना सुधारमा रु ८० लाख बजेट विनियोजन गरेको छु ।

४. भौगोलिक विकटता र न्यून विद्यार्थी संख्या भएका विद्यालयहरूको नक्सांकन गरी विपन्न तथा दुर्गमका विद्यार्थीहरूलाई लक्षित गर्दै नगरस्तरमा आवासीय विद्यालय सञ्चालन गरिनेछ। यसबाट शैक्षिक पहुँच सुनिश्चित गर्न रु. १७ लाख बजेट व्यवस्था गरेको छु

शिक्षा क्षेत्रको लागि संघीय सरकार सर्शत अनुदान रु ३० करोड ६१ लाख ८ हजार प्रदेश सरकार विशेष अनुदान रु ४५ लाख र नगरपालिकाको ३ करोड ३४ लाख ८६ हजार सहित कुल ३४ करोड ४० लाख ९४ हजार बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य तर्फः**

१. सामाजिक तथा मानव विकासको महत्वपूर्ण आधार स्वस्थ नागरिक हुन् । नागरिकलाई शारीरिक,मानसिक ,सामाजिक तथा संबेगात्मक रुपमा सबल र सक्षम बनाई स्वस्थ, समृद्ध, बौद्धिक र सभ्य मानव पुँजी निर्माण गर्न प्रत्येक वडाहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय र प्रभाबकारी रुपमा संचालन गर्ने ब्यबस्था मिलाएको छु।

२. स्वास्थ्यका बिभिन्न कार्यक्रमहरु आमा समूहमै गरि अपेक्षित प्राप्त गर्न  समुदायमा आधारित स्वास्थ्यको प्रर्वद्धन कार्यक्रमलाई अझ परिष्कृत र परिमार्जित गरी संचालन गर्न रु २५ लाख ब्यबस्था गरेको छु ।

३. जटिल स्वास्थ्य समस्या भई प्रेषण भएका जेष्ठ नागरिक र सुत्केरी आमाहरुको लागि निशुल्क एम्बुलेन्स सेवा र नगरपालिका क्षेत्र भित्र निशुल्क र बाहिर सशुल्क शवबाहनको ब्यबस्थापजमशव लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

४. टोल, वस्ती, वडा तथा पालिकामा पोषणमैत्री स्थानीय शासनका प्रक्रियाहरु अवलम्बन गरी सन २०३० (वि.सं. २०८७) सम्म गुर्भाकोट नगरपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्न पोषण बिशेष र पोषण शंबेदनशील कार्यक्रम सरोकार निकायसँगको सहकार्य र साझेदारीका लागि आवश्यक बजेट ब्यबस्था मिलाएको छु ।

५. मातृ तथा नवजात शिशुको मृत्यु हुन नदिन गर्भवती तथा सुत्केरी आमासंग उपमेयर कार्यक्रम मार्फत मातृ तथा  नवजात शिशु सुरक्षा कार्यक्रम संचालनका लागि रु ५ लाख बिनियोजन गरेकोछु।

६. विपद तथा महामारी नियन्त्रण र व्यवस्थापनका लागि पालिका तथा वडास्तरमा वहुपक्षीय सहकार्य गरि नियन्त्रण तथा व्यवस्थापनको प्रबन्ध मिलाएकोछु ।

८ हाल बढ्दै गइरहेको मानसिक स्वास्थ्य समस्याहरुको पहिचान, न्यूनिकरण, उपचार तथा व्यवस्थापन एबम् परामर्शका लागि रु ५लाख र बिभिन्न शिबिर साझेदारीका लागि रु ४ लाख बिनियोजन गरेकोछु।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

९ आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्ड लागू गरि सो अनुसार आवश्यक जनशक्ति, औजार उपकरण तथा औषधीजन्य सामाग्रीहरुको नियमित आपूर्ति ब्यबस्थाका लागि रु २५ लाख बिनियोजन गरेकोछु।

१०. स्वास्थ्य संस्थाहरुको अभिलेख/प्रतिवेदन व्यवस्थित र समयानकुल बनाउन विद्युतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणालीको विकासका लागि रु ४ लाख बजेट ब्यबस्था गरेकोछु ।

११. नेपाल सरकार, प्रदेश सरकार एवं गुर्भाकोट नगर सरकारले लिएको स्वास्थ्यहरुको लक्ष हासिल गर्न तथा दिगो विकास लक्ष्य हासिल गर्न अन्तराष्ट्रिय एवं राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धताहरु पुरा गर्न सरकारी तथा गैर सरकारी संघसंस्था, नीजि क्षेत्र एवं सरोकारवाला निकायहरुसंग समन्वय, सहकार्य र साझेदारी गरिने कार्यक्रमका लागि बजेटमा ब्यबस्थापन गरेकोछु ।

१२.यस गुर्भाकोट नगरपालिका १४वडा रहेका २० वटा स्वास्थ्य संस्था, १८ गाँउघर क्लिनिक, २३ खोप केन्द्र, १५६ आमा समूह मार्फत १०३ जना स्वास्थ्य कर्मचारी र १५६ महिला सामुदायिक स्वास्थ्य स्वयम् सेबिकाद्वारा आधारभूत स्वास्थ्य सेवा गुणस्तरिय र प्रभावकारी रुपमा संचालन गर्न प्राथामिक स्वास्थ्य परामर्श सेवा, स्वास्थ्य सामाजिक शुरक्षा, स्वयम सेबिका कार्यक्रम, स्वास्थ्य सुधार कार्यक्रम, स्वास्थ्य पुर्वाधार सुधार र आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा कार्यक्रमका लागि सशर्त/निशर्त गरी रु ८ करोड २७ लाख ८८ हजार बिनियोजन गरेकोछु।

**महिला बालबालिका तथा सामाजिक समावेशीकरणः**

१. बालविवाह न्युनिकरण, अपाङ्गता भएका व्यक्तिहरुको सीप विकास कार्यक्रम र लोपोन्मुख सिमान्तकृत जातजातिको सीप विकास कार्यक्रम अन्तर्गत रु ४ लाख ५० हजार विनियोजन गरेको छु

२. सामाजिक न्यायको सिदान्तलाई आत्मसाथ गर्दै अनाथ असहाय तथा जोखिमयुक्त बालबालिकाहरुलाई आवासीय छात्रावास सहित समाजिक संरक्षणको लागि हामी अभिभावक कार्यक्रमको अन्तर्गत रु ३० लाख विनियोजन गरेको छु ।

३. लैंङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको एकिकृत सेवा पहुँच परियोजना अन्तर्गत रु १ करोड ८१ लाख विनियोजन गरेको छु ।

महिला बालबालिका तथा सामाजिक समावेशीकरण क्षेत्रमा नेपाल सरकार सर्शत अनुदान रु १ करोड ८१ लाख र नगरपालिकाबाट रु ५८ लाख १८ हजार जम्मा २ करोड ३९ लाख १८ हजार विनियोजन गरेको छु

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

**ख. आर्थिक विकासः**

**कृषि तथा पशुपालनः**

१. कृषि तथा पशुपालनको क्षेत्रमा किसानको लागत न्यूनिकरण गर्दै उत्पादनमा अभिवृद्धि गर्न किसानको साझेदारीमा यान्त्रिकीकरणको लागि रु ४८ लाख ५० हजार बिनियोजन गरेको छु ।

२. स्थानीय कृषि तथा पशु उपज उत्पादनलाई विविधिकरण गर्नको लागि मूल्य श्रृङ्खला अभिवृद्धि लागि बजेट विनियोजन गरेको छु

३. बजारीकरणको लागि हाटबजार संचालन कार्यविधि निर्माणका साथै कृषि उत्पादन ढुवानीमा साधन खरिदको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

४. किसानले उत्पादन गरेको दुधमा प्रोत्साहनको लागि रु ९ लाख बजेट विनियोजन गरेको छु ।

५. माटोको गुणस्तर परीक्षणको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु

कृषि तथा पशुपालनको क्षेत्रमा नेपाल सरकार रु १४ लाख र नगरपालिकाको रु २ करोड १ लाख गरी कुल २ करोड १५ लाख बजेट विनियोजन गरेको छु

**उद्योग तथा व्यवसाय प्रर्वद्धनः**

१. उप प्रमुख उद्यमशिलता तथा युवा स्वरोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जना तथा विभिन्न सीप विकास तालिम संचालन गर्न रु ३३ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

२. गरिवि निवारणको लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रमलाई निरन्तरता दिएको छु ।

३. वनपैदावारमा आधारित उद्योग संचालनको लागि निजी तथा समूह सहकारीको साझेदारीको साझेदारी हुने गरी रु ३० लाख बजेट विनियोजन गरेको छु ।

उद्योग तथा व्यवसाय प्रवर्द्धन क्षेत्रमा नेपाल सरकारबाट रु ३१ लाख र नगरपालिकाबाट रु ५६ लाख गरी कुल ८७ लाख बजेट विनियोजन गरेको छू ।

**सहकारीः**

१. अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र सहकारी पनि भएकोले सहकारी संस्थाहरुको क्षमता विकास, संरक्षण, प्रर्वद्धन र नियमनका लागि तालिम गोष्ठी अन्तरक्रिया र अनुगमनको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

**पर्यटनः**

**१.** पर्यटनलाई स्थानीय आर्थिक विकासको प्रमुख आधारस्तम्भको रूपमा अघि बढाउन नगर क्षेत्रभित्रका पर्यटकीय स्थलहरूको पहिचान,विकास तथा प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

**वन वातावरण तथा विपद व्यस्थापनः**

२. पर्यावरणीय सन्तुलन कायम राख्न तथा सम्भावित प्राकृतिक विपद्को पूर्वतयारी, न्यूनीकरण र व्यवस्थापनका लागि रु. १२ लाख बजेट विनियोजन गरेको छु।

३. जलवायु परिवर्तनको जोखिम न्यूनीकरण र स्थानीय अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्न 'जलवायु परिवर्तन अनुकूलन परियोजना' अन्तर्गत रु. ५ करोड ६९ लाख बजेट विनियोजन गरेको छु।

**ग. पूर्वाधार विकासः**

भौतिक पूर्वाधारः

१. नगरपालिका मातहतका विभिन्न सडक निर्माण तथा स्तरोन्नतीका लागि संघ, प्रदेश र नगरपालिकाको साझेदारीमा ५ करोड ८४ लाख बजेट बिनियोजन गरेको छु ।

खानेपानि सरसफाईः

२. नगरबासीको स्वच्छ खानेपानीको अधिकारलाई सुनिश्चित गर्न 'एक घर, एक धारा' अभियानलाई निरन्तरता दिनेछु। यस अन्तर्गत वडा नं. १०, ११, १२ र १३ मा एकीकृत खानेपानी परियोजनासँगको सहलगानीका लागि **रु. ५० लाख** विनियोजन गरेको छु। साथै, वडा नं. १, ३ र ५ मा हेल्भटास र स्याक नेपालसँगको साझेदारी तथा सहलगानीमा खानेपानी आयोजना सञ्चालन गर्न **रु. ४५ लाख ६५ हजार** बजेटको व्यवस्था गरेको छु

**घ. सुशासन तथा सेवा प्रवाहः**

१. पालिका तथा मातहतका कार्यालयहरूमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) र नेपाल सरकारको केन्द्रीकृत विद्युतीय हाजिरी प्रणाली लागू गर्दै प्रशासनिक कार्यलाई डिजिटल, पेपरलेस, पारदर्शी र सेवा केन्द्रित बनाइनेछ। साथै कर्मचारी तथा जनप्रतिनिधिहरूको सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता(AI), साइबर सुरक्षा र विद्युतीय-शासन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरी सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र सुशासित बनाउन आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

२. यस नगरपालिका र मातहतका सम्पूर्ण अस्थायी/करार कर्मचारी, स्वास्थ्यकर्मी तथा विद्यालयमा कार्यरत नगर अनुदान शिक्षक तथा विद्यालय कर्मचारीहरुको १० प्रतिशत तलबवृद्धि र १० प्रतिशत कार्यसम्पादनमा आधारित प्रोत्साहन वृद्धि गरी समग्रमा २० प्रतिशत तलब तथा प्रोत्साहन वृद्धि गरेको छु ।

३. भौगोलिक रूपमा टाढा रहेका र दुर्गम क्षेत्रका नागरिक, ज्येष्ठ नागरिक, तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सहज रूपमा सरकारी सेवा पुऱ्याउन 'जनताको सरकार, जनताकै आँगनमा' अभियान सञ्चालन गरिनेछ। यस अन्तर्गत विभिन्न वडाहरूमा एकीकृत घुम्ती शिविर सञ्चालन गरी सामाजिक सुरक्षा भत्ता नवीकरण, स्वास्थ्य परीक्षण र नागरिकता सिफारिस जस्ता सेवाहरू घरदैलोमै पुऱ्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

४. नगरपालिकाको आर्थिक प्रशासनलाई पारदर्शी, मितव्ययी र उत्तरदायी बनाउन आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिनेछ। बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिँदै सार्वजनिक खरिद प्रक्रियालाई शतप्रतिशत इ-बिडिङ (E-bidding) मार्फत सञ्चालन गरिनेछ। साथै, सेवा प्रवाहमा सदाचार प्रवर्द्धन गर्न र भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अपनाउन आवश्यक व्यवस्था मिलाएको छु।"

५. स्थानीय सरकारका गतिविधि, योजना र बजेट कार्यान्वयनको अवस्थाबारे नागरिकलाई सुसूचित गराउन समयमै सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक परीक्षण गर्ने परिपाटीलाई अनिवार्य बनाइनेछ। यसबाट नागरिक निगरानी बढ्ने र सुशासन सुदृढ हुन मद्दत पुग्ने विश्वास लिएको छु र यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।"

६. कठिन रोगबाट ग्रसित विपन्न नागरिकहरुको उपचारमा पहुँच अभिवृद्धि गर्न वीमा तथा आर्थिक सहायताको लागि रु १४ लाख विनियोजन गरेको छु ।

७. शक्ति सन्तुलन र पृथकीकरणको सिद्धान्तलाई कार्यान्वयन गर्नका लागि संविधानःत न्यायीक समितिको व्यवस्था गरेको सन्दर्भमा न्यायिक सुशासन कायम गर्न, कानूनी सचेतनाको दायारालाई फराकिलो बनाउन र मेलमिलापकर्ता तथा  न्यायिक समितिमा काम गर्ने जनशक्तिको क्षमता अभिवृद्धि गर्न न्यायिक समितिमा रु १० लाख वजेट विनियोजन गरेको छु ।

८. यो गरौं स्वस्थ बनौं भन्ने मुल नाराका साथ नागरिक स्वास्थ्यलाई मध्यनजर गर्दै प्रवर्द्धनात्मक स्वास्थ्यतर्फ योग ध्यान,बाट सेवा प्रवाह गर्न गतवर्षको अधुरो पूर्वाधार निर्माण सम्पन्नका लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

९. आन्तरिक स्रोतको दायारा बढाउन र कर शिक्षा कार्यक्रममार्फत करदातामैत्री कर प्रशासन लागु गराउनको लागि कर सप्ताह कार्यक्रम तथा राजश्व सुधार सम्बन्धि योजना अभिमूखिकरण कार्यक्रमको लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

अन्तमा, वजेट तयार गर्न सल्लाह, सुझाव प्रदान गर्नुहुने आदरणीय नगर प्रमुख, जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनीधिज्यूहरु, गुर्भाकोटवासी आमा बुवा, दाजुभाई र दिदीवहिनीहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । बजेट तयार गर्न महत्वपूर्ण सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत लगायत सवै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। “सुख र समृद्धिको अठोट समुन्नत गुर्भाकोट निर्माणमा सवैको सहयोगको अपेक्षा गरेको छु” ।

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

३. यस नगरपालिकाको आ.व. २०८२/०८३ को २०८२ श्रावण देखि २०८३ असाढ सम्म कार्यपालिका बैठकबाट भएका निर्णयहरुको समिक्षा गरी अनुमोदन गरियो । साथै कार्यपालिका बैठकमा रकमान्तर गरिएका योजना तथा कार्यक्रमहरुको खर्च अनुमोदन गरियो ।

४. यस नगरपालिकाको कार्यालयबाट आ.व. २०८२/०८३ को २०८२ श्रावण १ गते देखि २०८३ असाढ मसान्तसम्मका नगरपालिकाबाट भएका सम्पुर्ण खर्चहरु अनुमोदन गरियो ।

५. आर्थिक वर्ष २०८३/८४ मा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट नगरपालिकालाई बजेट प्राप्त भएमा सो को बाँडफाँड गर्न नगरकार्यपालिकालाई अख्तियारी प्रदान गर्ने ।

६. यस गुर्भाकोट नगरपालिका र अन्तरगतका कार्यालय तथा विभिन्न संघ संस्थाहरु संग साझेदारीमा कार्यरत विभिन्न सेवाका पदमा करार सेवा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन क्षमता, आवश्यकता र औचित्यताको आधारमा खाइपाइ आएको तलबमा १०% बृद्धि र बढेको तलबको १०% प्रोत्साहन, चाडपर्व खर्च, पोषाक तथा नियमानुसार पाउने सुविधा उपलब्ध गराई आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि १ वर्षको लागि म्याद थप गर्ने ।

| सि.नं. | नाम थर | पद | तह | कार्यरत कार्यालय | न्यूनतम पारिश्रमिक |
|---|---|---|---|---|---|
| १ | भानुभक्त ढकाल | सब-इन्जिनियर | सहायक स्तर पाँचौ | नगरपालिका | 38203 |
| २ | अमृत ढकाल | सब-इन्जिनियर | सहायक स्तर पाँचौ | वडा नं. ४ | 38203 |
| ३ | नर बहादुर घर्ती | सब-इन्जिनियर | सहायक स्तर पाँचौ | वडा नं. १३ | 38203 |
| ४ | सुर्य प्रकाश खत्री | सर्वेक्षक | सहायक स्तर पाँचौ | नगरपालिका | 38203 |
| ५ | लाल बहादुर गुरुङ | अ.सब-इन्जिनियर | सहायक स्तर चौथो | वडा नं. १४ | 36192 |
| ६ | खगेन्द्र प्रसाद उपाध्याय | अ.सब-इन्जिनियर | सहायक स्तर चौथो | वडा नं. ११ | 36192 |
| ७ | दलजित खत्री | अ.सब-इन्जिनियर | सहायक स्तर चौथो | वडा नं. ४ | 36192 |
| ८ | चक्र बहादुर वि.सी. | अ.सब-इन्जिनियर | सहायक स्तर चौथो | वडा नं. ५ | 36192 |
| ९ | दिपक शर्मा | कम्प्युटर अपरेटर | सहायक स्तर चौथो | नगरपालिका | 36192 |
| १० | डम्मर बहादुर विष्ट | प्रशासन सहायक | सहायक स्तर चौथो | वडा नं. ३ | 36192 |
| ११ | यसुदा थापा | प्रशासन सहायक | सहायक स्तर चौथो | वडा नं. १० | 36192 |
| १२ | कृष्ण प्रसाद शर्मा | प्रशासन सहायक | सहायक स्तर चौथो | वडा नं. ८ | 36192 |
| १३ | गिता वली | स. कम्प्युटर अपरेटर | सहायक स्तर चौथो | नगरपालिका | 36192 |
| १४ | मनोज पुन | ना.प्रा.स भेटेनरी | सहायक चौथो | नगरपालिका | 36192 |
| १५ | दिनेश पाण्डे | ना.प्रा.स. कृषि | सहायक चौथो | वडा नं. ७ | 33660 |

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | नैनी वली | ना.प्रा.स. कृषि | सहायक चौथो | वडा नं. ९ | 33660 |
| १७ | नेत्र बहादुर वि.क. | ना.प्रा.स. कृषि | सहायक चौथो | वडा नं. ११ | 33660 |
| १८ | थुमान सिं वली | ना.प्रा.स भेटेनरी | सहायक चौथो | वडा नं. ३ | 33660 |
| १९ | निरुता आचार्य | ना.प्रा.स भेटेनरी | सहायक चौथो | वडा नं. २ | 33660 |
| २० | दुर्ग बहादुर गाहा | व्याक हो लोडर अपरेटर | श्रेणी बिहिन | नगरपालिका | 32701 |
| २१ | खिम बहादुर सार्की | हेभि सवारी चालक | श्रेणी बिहिन | नगरपालिका | 32701 |
| २२ | खेमराज गिरी | हलुका सवारी चालक | श्रेणी बिहिन | नगरपालिका | 30373 |
| २३ | ललित कुमार मल्ल | हलुका सवारी चालक | श्रेणी बिहिन | नगरपालिका | 30373 |
| २४ | खड्ग बहादुर सुनार | हलुका सवारी चालक | श्रेणी बिहिन | नगरपालिका | 30373 |
| २५ | कुल प्रसाद शर्मा | कार्यालय सहयोगी | श्रेणी बिहिन | नगरपालिका | 27172 |
| २६ | मान बहादुर वली | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. ३ | 27172 |
| २७ | अम्मर बहादुर गाहा मगर | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. ९ | 27172 |
| २८ | लाल बहादुर थापा | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. १ | 23529 |
| २९ | चित्र बहादुर पुन | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. ४ | 23529 |
| ३० | शिव नारायण थापा | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. ५ | 23529 |
| ३१ | गरिमा थापा मगर | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. ६ | 23529 |
| ३२ | देविसरा वि.क | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. ७ | 23529 |
| ३३ | नर बहादुर थापा | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. ८ | 23529 |
| ३४ | प्रदिप गौतम | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. १० | 23529 |
| ३५ | मनोज वि.क. | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. ११ | 23529 |
| ३६ | रविना सुनार | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं.१२ | 23529 |
| ३७ | खगेन्द्र सुनार | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. १३ | 23529 |
| ३८ | प्रेम बहादुर पुन | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. १४ | 23529 |
| ३९ | अनिता आले | कार्यालय सहयोगी | श्रेणी बिहिन | पशुसेवा के. गुमी | 23529 |
| ४० | इश्वर परियार | कार्यालय सहयोगी | श्रेणी बिहिन | पशुसेवा के. गुमी | 23529 |
| ४२ | कृष्ण बहादुर कामी | सरसफाई सहयोगी | श्रेणी बिहिन | नगरपालिका | 23529 |

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | मान बहादुर नेपाली | सरसफाई सहयोगी | श्रेणी बिहिन | नगरपालिका | 23529 |
| ४४ | मोतिसरा टमटा | सरसफाई सहयोगी | श्रेणी बिहिन | नगरपालिका | 23529 |
| ४५ | विष्णा कुमारी घर्ती मगर | सरसफाई सहयोगी | श्रेणी बिहिन | नगरपालिका | 23529 |
| ४६ | कोकिला परियार | सरसफाई सहयोगी | श्रेणी बिहिन | नगरपालिका | 23529 |
| ४७ | लोकेन्द्र वली | सचिवालय सहयोगी | श्रेणी बिहिन | नगरपालिका | 25850 |
| ४८ | अमृत डाङ्गी | गुफा हेरालु | श्रेणी बिहिन | वडा नं. २ | २१४५५ |
| ४९ | नवीना पुन | कार्यालय सहयोगी | श्रेणी बिहिन | वडा नं. २ | 23529 |

स्वास्थ्य शाखा अन्तर्गतका कर्मचारीहरुको विवरण

| सि.नं. | नाम थर | पद | तह | न्यूनतम पारिश्रमिक |
|---|---|---|---|---|
| १ | डम्मर बहादुर वली | हे अ | सहायक स्तर पाँचौ | 38203.00 |
| २ | निरा शाही | बैध | सहायक स्तर चौथो | 36192.00 |
| ३ | सिर्जना थापा मगर | अहेव | सहायक स्तर चौथो | 33650.00 |
| ४ | पुष्पा देवकोटा | अनमी | सहायक स्तर चौथो | 33650.00 |
| ५ | जानकी घर्ती | ल्या अ | सहायक स्तर चौथो | 30360.00 |
| ६ | दिपा मल्ल | अनमी | सहायक स्तर चौथो | 33650.00 |
| ७ | गौमाया विक | ल्या अ | सहायक स्तर चौथो | 30360.00 |
| ८ | मिनु सुनार | अ न मि | सहायक स्तर चौथो | 33650.00 |
| ९ | हरी बहादुर ओली | ल्या अ | सहायक स्तर चौथो | 30360.00 |
| १० | प्रतिभा यरी | अ न मि | सहायक स्तर चौथो | 33650.00 |
| ११ | दिपेन्द्र खत्री | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| १२ | बिनिता डि सि | अ न मि | सहायक स्तर चौथो | 33650.00 |
| १३ | देबिसरा बुढा | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| १४ | बिमला आर्चाय | अ न मी | सहायक स्तर चौथो | 33650.00 |
| १५ | सरीता घर्ति मगर | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| १६ | कमला एल्जी | अ न मी | सहायक स्तर चौथो | 33650.00 |
| १७ | धर्मा खत्री | अ न मी | सहायक स्तर चौथो | 33650.00 |
| १८ | निर्मला वली | अ न मी | सहायक स्तर चौथो | 33650.00 |
| १९ | लक्ष्मी थापा | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| २० | नेत्रलाल खत्री | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

| | | | | |
|---|---|---|---|---|
| २१ | यमुना वली | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| २२ | यान कुमारी पुन | अ न मी | सहायक स्तर चौथो | 33650.00 |
| २३ | प्रतिक्षा वली | अ न मी | सहायक स्तर चौथो | 33650.00 |
| २४ | रिता बि क | ल्या अ | सहायक स्तर चौथो | 30360.00 |
| २५ | दिपा बाकाबाल | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| २६ | निर्मला सलामी | अ न मी | सहायक स्तर चौथो | 33650.00 |
| २७ | केशी कुमारी वली | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| २८ | रुद्र बहादुर वली | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| २९ | कल्पना वली | अ न मी | सहायक स्तर चौथो | 33650.00 |
| ३० | कुल बहादुर खत्री | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| ३१ | ओम कु खत्री | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| ३२ | कल्पना मल्ल | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| ३३ | प्रतिभा शाह | अ हे ब | सहायक स्तर चौथो | 33650.00 |
| ३४ | बबिता डि.सी | अ न मी | सहायक स्तर चौथो | 33650.00 |
| ३५ | अगम बहादुर पुन | का स | श्रेणी विहिन | 21450.00 |
| ३६ | धनमाया कामी | स स | श्रेणी विहिन | 21450.00 |
| ३७ | समिक्षा कालिखोले | का स | श्रेणी विहिन | 21450.00 |
| ३८ | विष्णा सुनार | स स | श्रेणी विहिन | 21450.00 |
| ३९ | रत्न बहादुर टमाटा | का स | श्रेणी विहिन | 21450.00 |
| ४० | तिला कुमारी बि क | स स | श्रेणी विहिन | 21450.00 |
| ४१ | देबिका घर्ति | का स | श्रेणी विहिन | 21450.00 |
| ४२ | टिका राणा | स स | श्रेणी विहिन | 21450.00 |
| ४३ | टिका आचार्य | स स | श्रेणी विहिन | 21450.00 |
| ४४ | तारा बहादुर खत्री | का स | श्रेणी विहिन | 21450.00 |
| ४५ | कोपीला पुन | स स | श्रेणी विहिन | 21450.00 |
| ४६ | गिता कुमारी मल्ल | का स | श्रेणी विहिन | 21450.00 |
| ४७ | भिमराज खत्री | का स | श्रेणी विहिन | 21450.00 |
| ४८ | प्रेमा वली | का स | श्रेणी विहिन | 21450.00 |
| ४९ | कैसिला सुनार | का स | श्रेणी विहिन | 21450.00 |
| ५० | बिष्णा बि क | का स | श्रेणी विहिन | 21450.00 |

| | | | | |
|---|---|---|---|---|
| ५१ | दुर्गा देवि चन्द्रा | स स | श्रेणी विहिन | 21450.00 |
| ५२ | टेक बहादुर रोका | का स | श्रेणी विहिन | 21450.00 |
| ५३ | निमा खड्का | का स | श्रेणी विहिन | 21450.00 |
| ५४ | बिमा बि क | का स | श्रेणी विहिन | 21450.00 |
| ५५ | पूर्णा कुमारी बि क | का स | श्रेणी विहिन | 21450.00 |
| ५६ | दिपक बि सी | का स | श्रेणी विहिन | 21450.00 |
| ५७ | मोतीलाल घर्ति | का स | श्रेणी विहिन | 21450.00 |
| ५८ | लक्ष्मी कुमार शर्मा | का स | श्रेणी विहिन | 21450.00 |
| ५९ | तृथ बहादुर पौढेल | क.स | श्रेणी विहिन | 21450.00 |
| ६० | लालमाया वली | का.स. | श्रेणी विहिन | 21450.00 |
| ६१ | केशरी वली | का.स. | श्रेणी विहिन | 25300.00 |
| 50% CMC & SAMI साझेदारी कार्यक्रमबाट तलब भत्ता भुक्तानी हुने कर्मचारीहरु | | | | |
| १ | खुमबहादुर वली | मनोसामाजिक परामर्शकर्ता | पाँचौ तह | 38203.00 |
| २ | कविता वि.क. | मनोसामाजिक परामर्शकर्ता | पाँचौ तह | 38203.00 |
| ३ | पार्वती सुनार | मनोसामाजिक स्वयम् सेवक | | 23800.00 |
| सामाजिक परिचालिकाहरु | | | | |
| सि.नं. | नाम थर | कामकाज गर्ने वडा | पाउने सुविधा | कैफियत |
| | धना नगाल | १,५,६,७,८ | १३२०० | १२ महिना |
| | सकुन्तला गुरुङ | ३,१२,१३,१४ | १३२०० | १२ महिना |
| | मनसरी वली | २,४,९,१०,९ | १३२०० | १२ महिना |

७. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत धोद्रेखोला आरुखर्क खोला नियन्त्रण तडबन्धन गुर्भाकोट नगरपालिका ४ स्वीकृत भई आएकोले उक्त योजना सिफारिस गरीएको भन्दा फरक कायम भई आएकोले सिफारिस गरिएको योजना धोद्रेखोला टुनिचौर हटारीबास कुइनेतरा घट्टेखोला हटारिवास सिचाई कुलो निर्माण ४ संशोधनको लागि प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरीषदको कार्यालयलाई अनुरोध गर्ने ।

८. यस नगरपालिका आगामी आर्थिक वर्ष २०८३।०८४ मा विभिन्न संघ संस्थाहरुबाट प्रस्ताव भएका कार्यक्रमहरु स्वीकृत प्रदान गर्ने ।

१९ औं नगर सभा निर्णय प्रमाणित

हस्त पुन

नगर प्रमुख

प्रमाणिकरण मिति २०८३/०३/२७

९. यस नगरपालिका वार्षिक स्वीकृत कार्यक्रक संघीय शशर्त अनुदान नेपाल जलवायू नमूना कार्यक्रम विनियोजित बजेट रु. ५०,०००००।– देहाय अनुसार कार्यक्रम गर्ने ।

| सि.नं. | कार्यक्रम/ क्रियाकलाप | रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | विद्युतिय चुलो वितरण | १०००।- | |
| २ | वायोग्यास जडान | ३००।- | |
| ३ | काल्चे सिचाई संरचना निर्माण १ | २५००।- | |
| ४ | सार्वजनिक स्थानमा वृक्षारोपन | २००।- | |
| ५ | साना सिचाई योजना | ५००।- | |
| ६ | पहिलो नियन्त्रण | ५००।- | |
| | जम्मा | ५०००।- | |

१०. यस आर्थिक वर्षमा कार्य सम्पन्न भई विभिन्न कारणले भुक्तानी हुन बाँकी रहेका देहायका योजनता कार्यक्रम आगामी आ.व.मा भुक्तानी दायित्व हस्ताण्तरण गर्ने ।

| सि.नं. | भुक्तानी वाँकी योजनाको नाम | रकम |
|---|---|---|
| १ | वालविवाह न्यूनिकरण कार्यक्रम | ३२२ |
| २ | आइ एन एफ संग साझेदारी | १००० |
| ३ | सुन्दरनगर सिचाई नहर निर्माण ८ | १९० |
| ४ | चिसापानी खोलामा स्ल्याब निर्माण २ | १५० |
| ५ | डाफे हनिमान सडक (सडक वोर्ड) १० | १९५५ |
| ६ | ग्याविन जाली खरिद कार्य | २४० |
| ७ | गोकलपुर २ वटा डिपबोरिङ्ग मोटर पाइप खरिद | १०० |
| ८ | सुरक्षित नागरिक आवास १ | २४६ |
| ९ | हेल्भटास खानेपानी साझेदारी | ३७०० |
| १० | नाङ्गी पोखरा पातिहान्ला सडक बोर्ड साझेदारी | १९५० |
| ११ | सहकारी संस्थाको प्रोफाइल निर्माण सम्बन्धी अन्तरक्रिया | ९५ |
| १२ | वडाका विभिन्न टोलमा खानेपानी तथा सिचाई पाइप खरिद | २५८ |
| १३ | खारखोली खोलामा होमपाइप सहित सडक निर्माण | १८१ |
| १४ | विद्युततार जडान कार्य ४ | १७१ |
| १५ | वडा कार्यालय घेराबार १ | १९० |
| १६ | खानेपानी तथा सिचाई पाइप खरिद २ | १९० |
| १७ | कुइनेतरा तल्लो सिचाई योजना २ | १४२ |
| १८ | केरेनीखोला कल्भर्ट निर्माण ६ | २६१ |
| १९ | विपद् व्यवस्थापन जाली खरिद २ | ४७ |
| २० | होडिङ्ग वोर्ड निर्माण १ | ३५ |

| | | |
|---|---|---|
| २१ | सवारी साधन मर्मत | ४५० |
| २२ | चिसापानी पुरानागाउँ सडक ९ | ९५ |
| २१ | मसलन्द तथा कार्यालय सामाग्री | ३६८ |
| २२ | दलित तथा अति विपन्न समुदायका लागि बाख्रा वितरण कार्यक्रम | १८८ |
| २३ | पशु स्टोर घरभाडा | १५ |
| २४ | वडा कार्यालय माथिल्लो तल्लो डोब सडक निर्माण | १५३४ |
| २५ | चौरखोली बाउखोली डोब सडक निर्माण | ३३३ |
| २६ | नगरपालिका भवन मर्मत | ४९२ |
| २७ | वडा नं. ७ विभिन्न सडक निर्माण | ९८४ |
| २८ | वडा नं. ६ सडक ग्रावेल | ४२६ |
| २९ | फलफुलका विरुवा वितरण २ | ५० |
| ३० | पोषण लेखाजोखा कार्यक्रम | २१९ |
| ३१ | औषधी ढुवानी | ४० |
| ३२ | मानसिक स्वास्थ्य | ३६ |
| ३३ | कर्णाली प्रदेश सुत्केरी पोषण कोसेली | १४७ |
| ३४ | लक परियोजना साझेदारी आ.व. २०८२।०८३ को अपुग रकम भुक्तानी | ७०० |
| ३५ | हनिमान भेडावारी र झ्याक्रेघारी कुलो मर्मत | १३५ |
| | जम्मा | |

११. संघीय सरकार हस्ताणतरीत विशेष **अनुदान गोठ सुधार, व्यवसाय पशुपंछी पालन, नश्ल सुधार, रोग किरा नियन्त्रण तथा विउवीजन कार्यक्रम रु. ८८०००००।—(अक्षरेपी अठासी लाखमा) बाट देहाय अनुसार कार्यक्रममा खर्च गर्ने ।**

**क. <u>कृषि</u>**

| सि.नं. | **क्रियाकलाप** | **वजेट रु(हजारमा)** |
|---|---|---|
| १ | ५०%लागत साझेदारीमा खाद्यान्न वालीको वीउ वितरण (धान मकै गहु) | २०० |
| २ | खाद्यान्न वालीको वीउ ढुवानी | ५० |
| ३ | ५०%लागत साझेदारीमा आलुको वीउ वितरण | ५०० |
| ४ | आलुको वीउ ढुवानी | ५० |
| ५ | ८५%वीउ उत्पादक सहकारीलाई वोरा छपाई तथा प्याकेजिङ अनुदान | ५०० |
| ६ | ५०%लागत साझेदारीमा च्याउको वीउ र च्याउ राख्ने प्लास्टिक वितरण | १५० |
| ७ | ५०%लागत साझेदारीमा हाईव्रीड तथा उन्नत तरकारीको वीउहरु वितरण | २५० |
| ८ | रोगकीरा नियन्त्रणका लागि विषादी तथा आई.पि.एम सामाग्री वितरण | ३६० |

| | | |
|---|---|---|
| ९ | ५०%लागत साझेदारीमा मल्चिङ तथा गुमोज प्लास्टिक वितरण कार्यक्रम | २०० |
| १० | वाली उपचार सिविर संचालन | १२० |
| ११ | ५०%लागत साझेदारीमा अनुदानमा मकै रोप्ने (मेज पलान्टर)/ज्याब प्लान्टर र मकै गोड्ने मेसिन वितरण | १५० |
| १२ | ५०%लागत साझेदारीमा कम्बाईन मिल वितरण | २०० |
| १३ | आमा समुहमा जैविक विषादी सम्वन्धी तालिम तथा सामाग्री वितरण | ४०० |
| १४ | आमा समूहमा तरकारीको मिनिकिट वितरण | ७०० |
| १५ | कृषक,कृषक समूह, सहकारी र सरोकारवालाहरुसँग अन्तरक्रिया गोष्ठी | १२० |
| १६ | ५०%लागत साझेदारीमा विधुतीय स्प्रे पम्प वितरण | १०० |
| १७ | आलुको पि वि यस दाना वितरण ५००० गोटा | १०० |
| १८ | ५०%लागत साझेदारीमा मौसमी तरकारीको बीउ वितरण | १०० |
| १९ | रैथानेवालीको बीउ प्रवर्द्धन कार्यक्रम | १०० |
| २० | सुरक्षित विषादी प्रयोग सम्बन्धी सचेतना तथा कार्यक्रम | ५० |
| | जम्मा | ४४०० |

**ख. पशु**

| सि.नं. | कार्यक्रम/कार्ययोजना/कृयाकलापको नाम | बार्षिक लक्ष्य | इकाई | वार्षिक बजेट |
|---|---|---|---|---|
| १ | पशुपंछी उपचारको लागी औषधी खरिद | ४ | पटक | १२०० |
| २ | पशुपन्छी पालन सम्बन्धि स्थलगत तालीम | १० | संख्या | १०० |
| ३ | ५० प्रतिशत लागत साझेदारीमा गोठ खोर सूधार (वडा नं. १ देखि १४ नं. वडा) | ५६ | संख्या | १४०० |
| ४ | ५० प्रतिशत लागत साझेदारीमा Cow Mat बितरण | ५० | संख्या | २०० |
| ५ | ५० प्रतिशत लागत साझेदारीमा नश्ल सूधारको लागी उन्नत जातको रांगा खरिद (वडा नं. १ देखि १४ नं. वडा) | ५ | संख्या | ३७५ |
| ६ | ५० प्रतिशत लागत साझेदारीमा नश्ल सूधारको लागी उन्नत जातको बोका खरिद (वडा नं. १ देखि १४ नं. वडा) | २८ | संख्या | ४९० |
| ७ | रांगा तथा बोका ढुवानी | २ | पटक | १०० |
| ८ | गाई/भैसी,बाखा तथा बंगुर पालक व्यवसायिक कृषकहरुलाई प्रोत्साहन कार्यक्रम | १ | पटक | ३३५ |
| ९ | ७० प्रतिशत अनुदानमा टियोसेन्ट्री घांसको बिउ बितरण | १ | पटक | २०० |

| | |
|---|---|
| जम्मा रु. | ४४०० |

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७

१९ औं नगर सभा निर्णय प्रमाणित
हस्त पुन
नगर प्रमुख
प्रमाणिकरण मिति २०८३/०३/२७